**मजदुर विज्ञापन शाखा**
नासांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर

## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com



**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**ज्येष्ठ सदस्य वनभोजसम्बन्धी सूचना**

**वनभोज कार्यक्रम**

**मिति** : २०८२ चैत १४ गते, शनिबार
**स्थान** : ठूली ब्रम्हायणी, सुडाल
**भेला हुने स्थान** : सहकारी भवन (बिहान ७:०० बजे)
**सहभागी शुल्क** : ५००।- प्रतिव्यक्ति
**सहभागी उमेर** : ६५ वर्ष माथिका
**अन्तिम दर्ता मिति** : २०८२ चैत १२ गतेसम्म

*आयोजक : ज्येष्ठ तथा बाल सदस्य उपसमिति*



★ वर्ष : २८ ★ अङ्क : ५४ ★ ने. सं. ११४६ चिल्ला गा, चतुर्दशी ★ बुधबार ★ ४ चैत, २०८२ ★ March 18, 2026, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८





युरोपेली देश इटालीको राजधानी रोममा इरानविरुद्धको अमेरिकी-इजरायली युद्धको विरोधमा तथा दक्षिणपन्थी प्रधानमन्त्री जर्जिया मेलोनी सरकारले ल्याएको कथित न्यायपालिका सुधार नामको तानाशाहीको दुष्प्रयासविरुद्ध विशाल जनप्रदर्शन मार्च १४, २०२६ का दिन । इटली सरकारले न्यायपालिकामा हस्तक्षेप गर्न संविधान र कानुन संशोधनको निम्ति मार्च २२ र २३ का दिन जनमतसङ्ग्रह गर्ने निर्णय गरेको छ ।

*तस्बिर : इटालियाली कम्युनिस्ट पार्टीको फेसबुक पेज*

# मध्यपूर्वमा दसौं लाख मानिस भोकमरीको जोखिममा : संयुक्त राष्ट्रसङ्घ



जेनेभा, ३ चैत (एएफपी) । संयुक्त राष्ट्रसङ्घले मङ्गलबार चेतावनी दिएको छ कि यदि मध्यपूर्व युद्ध जुनसम्म जारी रहयो भने थप चार करोड ५० लाख मानिसले भोकमरीको सामना गर्न सक्छन् ।

युद्धको तेस्रो हप्तासम्ममा सयौँको मृत्यु भएको छ र इरानले इजरायल र खाडी राष्ट्रहरूविरुद्ध प्रतिशोधात्मक आक्रमण गरेपछि इजरायलले लेबनानमा हेजबुल्लाहसँग पनि लडिरहेको छ ।

"यदि मध्यपूर्व द्वन्द्व जुनसम्म जारी रहयो भने, थप चार करोड ५० लाख जनसङ्ख्या महँगी वृद्धिका कारण तीव्र भोकमरीतर्फ धकेलिनेछ," संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रमका उपकार्यकारी निर्देशक कार्ल स्काउले जेनेभामा एक पत्रकार सम्मेलनमा भन्नुभयो ।

उहाँले भन्नुभयो, "यसले विश्वव्यापी भोकमरीको स्तरलाई अहिलेसम्मकै उच्च स्तरमा पुऱ्याउनेछ र यो एक भयानक सम्भावना हो, यसपहिले नै तीन करोड १९ लाख मानिसहरू तीव्ररूपमा खाद्य असुरक्षाको शिकार भइरहेका छन् ।"

स्काउले भन्नुभयो, "डब्ल्यूएफपीले फेब्रुअरी २८ मा युद्ध सुरु हुनुअघि नै 'व्यापक खाद्य सङ्कट' को सामना गरिरहेको थियो ।"

चरम मौसमी घटना, द्वन्द्व र भोकमरीको घोषणा भइरहेका कारण उहाँले भन्नुभयो, "भोकमरी अहिलेजस्तो गम्भीर कहिल्यै भएको थिएन ।"

उहाँले मध्यपूर्व युद्धका कारण डब्लुएफपीको कार्यलाई 'धेरै खर्चिलो' बनाइरहेको बताउनुभयो ।

स्काउले भन्नुभयो, "विशेषगरी बढ्दो इन्धनको मूल्य र लामो मार्गको कारण संस्थाले आपूर्ति श्रृङ्खलाको अवरोधको सामना गर्न कोशिश गरिरहेको छ तर यसको सञ्चालन लागत बढेको छ ।

# बलियो शैक्षिक जग नै विद्यार्थीको सुनिश्चित भविष्य तय गर्ने आधार




भक्तपुर, ३ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मेहनत, अभ्यास र अवसरले मात्र विद्यार्थीहरूलाई सफलता हासिल हुने बताउँदै अवसर पाएको खण्डमा हरेक विद्यार्थीले उत्कृष्टता हासिल गर्नसक्ने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ४ ग:पलीस्थित सेकरिड हार्ट एकेडेमीको २३ औं वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा उहाँले विद्यार्थीको क्षमताअनुसारको शिक्षा प्रदान गर्नसक्नु नै शिक्षकको कर्तव्य हो भन्नुभयो ।

एसईई परीक्षा २०८१ मा ४ जीपीए ल्याउन सफल विद्यार्थी प्रिन्स लामालगायतका सम्पूर्ण विद्यार्थीलाई बधाई एवम् शुभकामना दिँदै नगर प्रमुख प्रजापतिले बलियो शैक्षिक जग नै विद्यार्थीको सुनिश्चित भविष्य तय गर्ने आधार भएको बताउनुभयो ।


भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरमा समानता ल्याउने प्रयत्न नगरपालिकाले गर्दै आएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले विद्यार्थीहरूलाई शैक्षिक ऋण, छात्रवृत्तिलगायतको व्यवस्था गर्दै उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरिरहेको बताउनुभयो । उहाँले विद्यार्थीलाई आत्मनिर्भर र स्वाभिमानी बन्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल श्रीराम सुवालले एसईई २०८१ मा ४ जीपीए ल्याउन सफल विद्यार्थी प्रिन्स लामाको मनोबल बढाउन र थप हौसला प्रदान गर्न विद्यालयले रु. ५० हजारको प्रोत्साहन रकम व्यवस्था गरेको बताउनुभयो । हाल सेकरिड हार्टमा ६०० को हाराहारीमा विद्यार्थीहरू अध्ययनरत रहेको उल्लेख गर्दै उहाँले विद्यार्थीलाई किताबी ज्ञानसँगै असल संस्कारको आवश्यकता औंल्याउनुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, शिक्षिका शान्ति घिसिङ, विद्यार्थी प्रतिनिधि आइसा पौडेललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले एसईई २०८१ का उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्नुभएको थियो । विशेष अतिथिहरूले अतिरिक्त क्रियाकलापका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## व्यङ्ग्यचित्रको कुनो





**हावाहुरीका कारण मकैबालीमा क्षति**
रौतहटको चन्द्रपुर नगरपालिका-२ जुडिबेलामा हिजो साँझ आएको हावाहुरीले मकैबालीमा पुर्‍याएको क्षति । *तस्बिरः रमेश तिमलसिना/रासस*

# चैते धानको समर्थन मूल्य तोक्न अध्ययन सुरु

काठमाडौँ, ३ चैत । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको कृषि विभागले चैते धानको समर्थन मूल्य तोक्न अध्ययन थालेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययन थालेको हो ।

अध्ययनका क्रममा धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिने विभागले जनाएको छ । विभागको टोलीले स्थलगत अध्ययन गरेपछि निर्धारण गरिने वैज्ञानिक मूल्य कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा सिफारिस गरेर पठाइने विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो ।

स्थलगत अध्ययन प्रक्रियाले किसानद्वारा उत्पादित धानको सही मूल्य सुनिश्चित गर्न सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । मन्त्रालयले उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर प्रतिक्विन्टल मूल्य प्रस्ताव गर्ने विभागका महानिर्देशक सञ्जेलले बताउनुभयो ।

"उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस हुन्छ । त्यसपछि मन्त्रिपरिषद्बाट निर्णय भएपछि सार्वजनिक गरिनेछ । सोही आधारमा धानको चिस्यान मापदण्डसमेत मूल्याङ्कन गरिनेछ," विभागका महानिर्देशक प्रकाश सञ्जेलले भन्नुभयो ।

धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै उहाँले १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने उल्लेख गर्नुभयो । उहाँका अनुसार सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्नेछ । यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने विभागका महानिर्देशक सञ्जेलले जानकारी दिनुभयो ।

सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाएको छ । सरकारले गत वर्ष प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो । **रासस**

# समानुपातिकतर्फका उम्मेदवारलाई बुधबार प्रमाणपत्र दिइने

काठमाडौँ, ३ चैत । निर्वाचन आयोगले यही चैत ५ गते समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका उम्मेदवारलाई प्रमाणपत्र वितरण गर्ने भएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतका अनुसार यही चैत ५ गते बिहान ११:३० बजे आयोग परिसरमा निर्वाचित भएको प्रमाणपत्र वितरण गरिनेछ ।

राजनीतिक दलकोतर्फबाट छनोट भई पेस भएका उम्मेदवारको विवरण आयोगले सार्वजनिक गर्दै निर्वाचित भएको घोषणा गरेको छ । आयोगले राजनीतिक दलकोतर्फबाट निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्यलाई सक्कल नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र, दुईप्रति पासपोर्ट साइजको फोटोसहितको विवरण आज उपलब्ध गराइदिन आग्रह गरेको छ ।

गत फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा विभिन्न छ राजनीतिक दलले राष्ट्रिय दलको मान्यता पाएका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले ५७, नेपाली काङ्ग्रेसले २०, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले १६, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले नौ, श्रम संस्कृति पार्टीले चार र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट पाएका छन् ।

कुल २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत १६५ र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारलाई प्रमाणपत्र वितरण गरेपछि यसपटकको निर्वाचन प्रक्रियाले पूर्णता पाउनेछ । **रासस**

# ग्यासको अवैध कारोबार भइरहेको सूचना पाए जानकारी दिन विभागद्वारा अनुरोध

काठमाडौँ, ३ चैत । अन्तर्राष्ट्रिय बजारमा देखिएको अभावलाई कारण बनाएर खाना पकाउने एलपी ग्यासको अवैध कारोबार भइरहेको तपाईँसँग कुनै सूचना वा जानकारी भने तत्काल ११३७ मा निःशुल्क फोन गरेर जानकारी दिन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सबैमा अनुरोध गरेको छ ।

पछिल्ला दिनमा खाना पकाउने ग्यासमा कालोबजारी बढेको, अत्यधिक मात्रामा लुकाइएको, बढी मूल्य लिएर बिक्रीवितरण गरेको पाइएपछि विभागले आमउपभोक्तालाई निःशुल्क रूपमा उक्त टेलिफोन नम्बरमा फोन गरी सूचना दिन आग्रह गरेको हो ।

नेपाल आयल निगमले आधा सिलिण्डर मात्रै ग्यास बिक्री गर्नेगरी आवश्यक व्यवस्था मिलाए पनि बजारमा ग्यासको अभाव कायम छ । विभागले अनुचित व्यापारिक क्रियाकलाप सञ्चालन भएको पाइएमा कडा कारबाही गर्ने चेतावनी दिएको छ ।

विभागले सञ्चालनमा रहनेगरी निःशुल्क रूपमा टेलिफोन नम्बर सञ्चालनमा ल्याइएको र देशभरका जुनसुकै स्थानबाट सम्पर्क गर्न सकिने जनाएको छ । पछिल्ला दिनमा विभागले देशभर स्थलगत अनुगमन तथा निरीक्षण गर्दै आएको छ । अनुगमनका क्रममा कैफियत फेला पर्नेबित्तिकै उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम कारबाही गरिएको विभागले प्रष्ट पारेको छ ।

ग्यासको माग उच्च रहेको विषम अवस्थामा आपूर्ति प्रणालीमा सहजता ल्याउन, कृत्रिम अभावलगायत गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न विभाग सक्रिय रहेको जनाइएको छ । विभागले सबै ग्यास उत्पादक उद्योग र वितरक सबैमा कानुनअनुसार व्यापार व्यवसाय गर्न तथा कुनै पनि गैरकानुनी क्रियाकलाप नगर्न सचेत गराएको छ ।

सोमबार मात्रै विभागले ग्यास लुकाएको पाइएपछि श्रीराम ग्यास उद्योगलाई रु. तीन लाख जरिवाना गरेको छ । सो उद्योगको ललितपुर हरिसिद्धिमा रहेको गोदाममा लुकाएर राखेको १४ दशमलव दुई किलोग्राम तौलका छ हजार ३७७ सिलिण्डर फेला परेको विभागले जनाएको छ । **रासस**

# अचार बिक्री गरेर मासिक रु. २५ हजार बढी आम्दानी




घोराही (दाङ), ३ चैत । लमही नगरपालिका-५ लमहीका आशारानी चौधरीको मुख्य पेसा अचार व्यवसाय हो । उहाँ अहिले अचार बिक्रीका लागि घोराहीमा जारी लुम्बिनी प्रदेशस्तरीय महोत्सवमा आउनुभएको छ । यही आफ्नो मुख्य पेसा भएका कारण जिल्लामा सञ्चालन हुने विभिन्न मेला महोत्सवमा जाने गरेको उहाँ बताउनुहुन्छ । आयआर्जनको राम्रो स्रोत भएका कारण अचार व्यवसायलाई विगत १३ वर्षदेखि निरन्तरता दिँदै आएको उहाँको भनाइ छ ।

उहाँले तामा, हरियो खुर्सानी, करेला, मेथी, आँपलगायतका अचार उत्पादन गरेर बिक्री गर्न व्यस्त हुनुहुन्छ । अघिपछि भन्दा चाडपर्व र मेला, महोत्सवमा राम्रो बिक्री हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सबैभन्दा आँपको अचार बिक्री हुन्छ । यस व्यवसायबाट मासिक रु. २५ हजार बढी आम्दानी गर्दै आएको छु ।" सुरुमा स्वान नेपाल भन्ने संस्थाबाट तालिम लिएर व्यावसायिक रूपमा अचार बनाएर बिक्री गर्दै आएको आशारानी बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "अचारअनुसार किलोलाई रु. २५० देखि ५०० सम्म बिक्री गर्दै आएको छु", आफूले अचार उत्पादन गरेर बिक्री गर्ने र स्थानीय तहले महिलाका लागि सञ्चालन गरेको तालिममा प्रशिक्षक भएरसमेत जाने गरेको उहाँको अनुभव छ ।

धेरै महिलाले यससम्बन्धी तालिम लिए पनि उत्पादन गरेर बिक्री गर्न समस्या हुने उहाँ बताउनुहुन्छ । उमेरले ४० वर्ष पुग्नुभएका उहाँलाई परिवारको राम्रो साथ मिलेको छ । उहाँ पूर्व मुक्तकम्लरीसमेत हुनुहुन्छ । आफ्नै व्यवसायमा जोडिएर आयआर्जन गर्न पाउँदा खुसी लागेको उहाँले बताउनुभयो । लाजाजुनी पूर्व मुक्तकम्लरी अचार उद्योगमार्फत सञ्चालन गर्नुभएको अचार व्यवसायका लागि आँप एक वर्षका लागि पहिले नै मौज्दात राख्ने गरेको उहाँ बताउनुहुन्छ ।

महिला उद्यमीको सीपलाई स्थानीय सरकारले पनि उत्पादित वस्तुको बजारीकरणका लागि पहल गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । अन्य महिलाले व्यावसायिक रूपमा अचार उद्योग सञ्चालन गर्ने मन भए पनि आर्थिक समस्याका कारण पछि पर्ने गरेको आशारानीले बताउनुभयो ।

महिलालाई आर्थिक रूपमा सशक्त बनाउन सीपमा जोड्न आवश्यक रहेको उहाँको भनाइ छ । आफ्नै गाउँघरमा उत्पादन भएको अचार प्रयोग गर्न आमनागरिकलाई उहाँको सुझाव छ । "हामीले कुनै केमिकल प्रयोग गर्दैनौँ, हामीले उत्पादन गर्ने अचार राम्रो हुन्छ", उहाँले भन्नुभयो । पछिल्लो समय मेला महोत्सवमा ग्राहकको मुख्य रोजाइ मिक्स अचार हुने गरेको छ । **रासस**

# सुर्खेतमा ७६ सवारीसाधन दुर्घटना, चारको मृत्यु

कर्णाली, ३ चैत । सुर्खेतमा गत फागुनमा ७६ वटा सवारीसाधन दुर्घटना भएका छन् । ती दुर्घटनामा एक महिलासहित चार जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

कार्यालयले सोमबार सार्वजनिक तथ्याङ्कअनुसार फागुनमा भएका सवारी दुर्घटना हुनुमा मानवीय त्रुटि प्रमुख कारण देखिइएको छ । करिब ८० प्रतिशत मानवीय त्रुटि र बाँकी यान्त्रिक खराबीका कारण दुर्घटना हुने गरेको ट्राफिक प्रहरी कार्यालय सुर्खेतका कार्यालय प्रमुख रोहितकुमारी शाहीले जानकारी दिनुभयो ।

उहाँका अनुसार सबैभन्दा बढी मोटरसाइकल ४८, टेम्पो १०, मिनिबस सात, बस पाँच, जीप/कार चार र ट्याक्टर दुई वटा दुर्घटना भएका छन् । चौँतिस वटा सवारी दुर्घटना तीव्र गतिका कारण हुने गरेका कार्यालय प्रमुख शाहीले उल्लेख गर्नुभयो । मादक पदार्थ सेवनबाट तीन, चालकको असक्षमताबाट तीन, चढ्दा/ओर्लँदा एक र ब्रेक फेल भएर आठ दुर्घटना भएको उहाँले जानकारी दिनुभयो ।

फागुनमा ट्राफिक तथा जनपद प्रहरीले ६४० जाँच गर्दा ४०२ लाई कारबाही गरेको जनाउँदै त्यसबाट रु. तीन लाख ९१ हजार ५०० राजस्व सङ्कलन भएको कार्यालय प्रमुख शाहीले बताउनुभयो । त्यस्तै, ट्राफिक प्रहरी एक्लैले जाँच गर्दा २३५ कारबाही परेका छन् । त्यसबाट रु. एक लाख ९२ हजार ५०० राजस्व सङ्कलन गरिएको उहाँको भनाइ छ ।

त्यसैगरी, चालकसँग एक मिनेट कार्यक्रमबाट छ हजार ६६३, पैदल यात्रु लक्षित कार्यक्रमबाट ५१६, सङ्घसंस्था लक्षित सचेतना कार्यक्रमबाट एक हजार ७५४ र सवारी चलाउने चालक सचेतना कार्यक्रमबाट १२८ गरी कुल १८ हजार ५४३ जना लाभान्वित भएको जनाइएको छ । ट्राफिक नियम पालनासम्बन्धी सचेतनामूलक कार्यक्रम तीव्रताका साथ अगाडि बढाइएको कार्यालयले जनाएको छ । **रासस**

# दीक्षा फाउन्डेसनको वार्षिक उत्सवमा समीक्षा

काठमाडौँ, ३ चैत । दीक्षा फाउन्डेसनको वार्षिक भेटघाट कार्यक्रम आइतबार काठमाडौँको बालुवाटारमा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष शोभीन शर्माको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा समाज कल्याण परिषद्का कार्यकारी सदस्य दिनेशराज सापकोटा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । विशिष्ट अतिथिका रूपमा 'वर्ल्ड वाइड गोट प्रोजेक्ट नेपाल' (WWGPN) का संस्थापक ड्यानियल लि लेनी र इसिमोड (ICIMOD) का प्रतिनिधि किलियन उइब हुनुहुन्थ्यो ।

सो अवसरमा संस्थाका प्रतिनिधि आश्मा के.सी. ले यो वर्ष धादिङ, काभ्रे, काठमाडौँ, गोरखा र तनहुँलगायतका जिल्लामा सञ्चालन गरिएका विभिन्न सामाजिक गतिविधिहरूका बारेमा विस्तृत जानकारी गराउनुभयो ।

सन्तोषी थापाले दीक्षा फाउन्डेसनसँगको आफ्नो अनुभव र संस्थाले शैक्षिक यात्रामा पुर्‍याएको सहयोगका बारेमा चर्चा गर्नुभयो ।

विगत ३ दशकदेखि नेपाल र नेपाली कृषक तथा समुदायमा पुर्‍याएको अतुलनीय योगदानको कदर गर्दै ड्यानियल लि लेनीलाई कदर पत्रसहित विशेष सम्मान गरिएको थियो । उहाँले विभिन्न कार्यक्रममा महत्त्वपूर्ण सहयोग पुर्‍याउँदै आउनुभएको छ । कार्यक्रममा प्रमुख अतिथि दिनेशराज सापकोटाले धन्यवाद एवं शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रमको अन्त्यमा सभापति एवं संस्थाका अध्यक्ष शोभीन शर्माले कार्यक्रम समापन गर्नुभयो । संस्थाका सचिव सन्तोष धमलाले कार्यक्रमका बारेमा मिडियालाई जानकारी गराउनुभयो ।

कार्यक्रममा संस्थाका प्रतिनिधि माधवकुमार धमलाले स्वागत गर्नुभयो ।

## सङ्क्षिप्त समाचार

### दादुराका ६७ बिरामी उपचारपछि घर फर्के, २० जनाको 'आइसोलेसन' उपचार जारी

गलकोट (बागलुङ), ३ चैत । दादुराबाट प्रभावित ढोरपाटनका बिरामीमध्ये ६७ जना घर फर्केका छन् भने २० जनाको 'आइसोलेसन' मा उपचार भइरहेको छ । फागुनको पहिलो सातादेखि ढोरपाटनमा फैलिएको दादुराका १२६ जना बिरामीलाई बोबाङ स्वास्थ्य चौकी र बुर्तिबाङ अस्पतालमा आइसोलेसनमा राखेर उपचार गरिएको थियो । दादुराबाट बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँ प्रभावित भएका थिए । प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माका अनुसार बुर्तिबाङ अस्पतालमा १६ र बोबाङ स्वास्थ्यचौकीमा चार गरी २० बिरामीको उपचार भइरहेको छ । काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट परीक्षण गरिएकामा सात जनामा दादुरा सङ्क्रमण पुष्टि भएपछि युद्धस्तरमा बिरामीलाई खोजेर उपचार थालिएको हो । यसैबिच, जनस्वास्थ्य कार्यालयका खोप 'सुपरभाइजर' राजु खत्रीका अनुसार पाँच हजार ७६७ जनालाई दादुराविरुद्धको खोप लगाइएको छ । नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई खोप लगाइएको हो । **रासस**

### फोहोर प्रशोधन केन्द्र बनाउन भरतपुरले छुट्यायो तीन करोड

चितवन, ३ चैत । भरतपुर महानगरपालिकाको फोहोर प्रशोधन केन्द्र निर्माणका लागि वन मन्त्रालयसँग जग्गा लिने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । जग्गाको भोगाधिकार र वृक्षरोपणका लागि मन्त्रालयलाई भुक्तान गर्नुपर्ने रकम महानगरले विनियोजन गरेको छ ।

महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीका अनुसार भरतपुर महानगरपालिका-११ मा रहेको राष्ट्रिय वन क्षेत्रमा करिब १६ बिगाह जग्गा भोगाधिकारका लागि आवश्यक रु. तीन करोड बजेट कार्यपालिकाले सुनिश्चित गरेको छ । महानगरपालिकाले यसअघि नै रु. पाँच करोड १९ लाख ७५ हजार भुक्तान गरिसकेको छ । मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन तयार भई स्वीकृत भएपछि रकम भुक्तान गर्न भनेको अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार वातावरण प्रभाव मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क र कागजातहरू उपलब्ध गराई सकिएको छ । मन्त्रालयले वातावरण प्रभाव मूल्याङ्कन स्वीकृत भएपछि रूख कटान थाल्ने आश्वासन दिएको छ ।

जग्गा भोगाधिकार र एक बिरुवा कटान गरेबापत १० बिरुवा रोपेर पाँच वर्षसम्म संरक्षणका लागि महानगरले यसअघि नै रु. पाँच करोड १९ लाख ७५ हजार भुक्तान गरेको महानगरपालिकाको वातावरण महाशाखा प्रमुख विराट घिमिरेले बताउनुभयो । अब रोपिने बिरुवा संरक्षणका लागि रु. एक करोड ९० लाख विनियोजन गरिएको हो । हाल महानगरपालिकामा दैनिक ८० टनभन्दा बढी फोहोर सङ्कलन हुने गरेको छ जसलाई आँपटारीको नजिकै खोल्सामा व्यवस्थापन हुँदै आएको छ । **रासस**

### लागूऔषधसहित विभिन्न स्थानबाट २० जना पक्राउ

काठमाडौँ, ३ चैत । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गाँजाजस्तो देखिने तीन किलो १६० ग्राम वस्तुसहित दुई जना भारतीय नागरिक पक्राउ परेका छन् । बैङ्ककबाट नेपाल एयरलायन्सको विमानमा आएका उनीहरूलाई गएराति पक्राउ गरिएको हो । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गाबाट ब्राउनसुगरसहित एक जना, कञ्चनपुरको बेलौरी नगरपालिका-६ बाट एक जना, सोही नगरपालिकाको सडकघाट पीपलचौताराबाट तीन जना, वडा नं ८ बाट दुई जना, भीमदत्तनगरपालिका-११ बाट एक जनालाई लागूऔषधसहित पक्राउ गरिएको हो । यसैगरी, बर्दियाको बढैयाताल गाउँपालिका-७ बाट ब्राउनसुगरसहित दुई जना, धनगढी उपमहानगरपालिका-२ बैयाबेहडीबाट दुई जना, सोही उपमहानगरपालिकाको त्रिनगरबाट तीन जना, रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका-६ रमवापुरबाट दुई जना र पोखरा महानगरपालिका-२ बागलुङ बसपार्कबाट एक जनालाई पक्राउ गरिएको उक्त समाचार कक्षले जनाएको छ । **रासस**

### नारायणी नदीको कटान रोक्न सुस्तामा तटबन्ध निर्माण

मध्यविन्दु (नवलपरासी), ३ चैत । नारायणी नदीको कटान रोक्न नवलपरासी (बर्दघाट सुस्तापूर्व) को गजेन्द्र मोक्षधाम तथा सुस्ता क्षेत्रमा तटबन्ध निर्माण सुरु गरिएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय भरतपुरका प्रमुख डा. नारायण सुवेदीका अनुसार करिब रु. १७ करोड लागतमा तटबन्ध निर्माण सुरु गरिएको हो । फागुनको अन्तिम साताबाट सुरु भएको सो तटबन्ध निर्माणको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले सोमबार स्थलगत अनुगमन गर्नुभएको छ ।

निरीक्षणका क्रममा सचिव दवाडीले नारायणी नदी किनारमा रहेको सुस्ताको संरक्षण सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सुस्ता क्षेत्रको संरक्षणका लागि सरकारले प्राथमिकताका साथ काम अघि बढाएको छ । यहाँ भइरहेको सरकारी लगानीको अवस्था बुझ्न स्थलगत अनुगमनमा आएकी हुँ ।" आयोजना प्रमुख सुवेदीले वर्षायाम अगावै काम सम्पन्न गर्ने लक्ष्यका साथ फिल्डमै अस्थायी कार्यालय स्थापना गरी २४ घण्टा कर्मचारीको निगरानीमा काम भइरहेको जानकारी दिनुभयो ।

अनुगमनका क्रममा सचिव दवाडीले आयोजनाको कामप्रति प्रशंसा गर्दै तटबन्ध निर्माण समयमै सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो । **रासस**



**महाकाली नदीमा र्‍याफ्टिङ**
नेपाल-भारत सीमामा रहेको महाकाली नदीमा र्‍याफ्टिङमा रमाउँदै स्थानीय पर्यटकहरू । कञ्चनपुरको भीमदत्त नगरपालिका-९ मसेट्टीस्थित साइलेन्ट रिभर क्षेत्रबाट सोमबारदेखि व्यवसायिक रूपमा साहसिक जलयात्रा र्‍याफ्टिङ सञ्चालनमा आएको छ । *तस्बिर : मदन गिरी/रासस*

## 'अफ्रिकन स्वाइन फिभर' का कारण एकसय बीस बङ्गुर मरे

चितवन, ३ चैत । अफ्रिकन स्वाइन फिभरका कारण जिल्लामा १२० वटा बङ्गुर मरेका छन् । इच्छाकामना गाउँपालिकास्थित दुईवटा फार्म र भरतपुर महानगरपालिकाको एउटा फार्मका बङ्गुर मरेका हुन् ।

भरतपुर महानगरपालिकाको थप एउटा फार्ममा समेत फिभरको लक्षण देखिएपछि नमूना सङ्कलन गरी परीक्षणका लागि पठाइएको पशु सेवा कार्यालयका प्रमुख डा. प्रभात न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार अफ्रिकन स्वाइन फिभर घरपालुवा सुँगुर, बँदेल, बङ्गुर प्रजातिमा भाइरसबाट लाग्ने उच्च मृत्युदर भएको सरुवा रोग हो । यो रोग नेपालमा पहिलोपटक २०७९ साल जेठ २ गते पुष्टि भएको थियो ।

रोग सङ्क्रमित सुँगुर बङ्गुरबिच प्रत्यक्ष सम्पर्कबाट, रोगी बङ्गुरको -र्‍याल, मलमूत्र, रगत, मासु र लसपस भएको दानापानीबाट, बिरामी बङ्गुरको ओसारपसार वा किनबेच गर्दा, सङ्क्रमण खोरमा काम गर्ने कामदार र सङ्क्रमित खोरमा गएको मानिसले प्रयोग गरेको लुगाकपडा, जुत्ता चप्पल आदि प्रयोग गर्दा सर्न सक्ने न्यौपानेले जानकारी दिनुभयो ।

यो रोग लागेका बङ्गुरहरू एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा निला डामहरू देखापर्ने, कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने, नाकबाट फिज निकाल्ने, रोग सङ्क्रमित सुँगुर-बङ्गुरलाई उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, फोकाउने र दानापानी खान छोड्ने, बान्ता गर्ने, छटपटाउने, चाल धरमराउने, बच्चा तुहिनेजस्ता लक्षणहरू देखापर्ने उहाँले बताउनुभयो ।

यस रोगबाट बच्न बङ्गुरपालन गर्दा खोरमा थुनेर पाल्ने, बङ्गुरको खोरमा अनावश्यक मानिसको आवत-जावत रोक्ने, बङ्गुर फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्नेजस्ता उपायहरू अपनाउनुपर्ने कार्यालयले जनाएको छ ।

बाहिरको बथानबाट नयाँ बङ्गुर ल्याएमा सिधै फार्ममा रहेका बङ्गुरसँग नमिसाई २१ दिन क्वारेन्टाइनमा राख्ने र रोग नदेखिएपछि मात्र बथानमा मिसाउने, बङ्गुरको खोर फार्म र फार्म वरिपरि नियमित सरसफाइ गरी चुना, फिनेल, फर्मालिन, ब्लिचिङ पाउडर आदिले नि:सङ्क्रमण गर्ने, रोग लागेका बङ्गुरलाई बथानबाट छुट्याएर अलग राख्नेजस्ता कार्य गर्दा क्षति कम हुने न्यौपानेको भनाइ छ । **रासस**

## एघार प्राज्ञले आजीवन निर्वाह भत्ता नपाउने

काठमाडौँ, ३ चैत । सर्वोच्च अदालतको आदेशसँगै नेपाल-प्रज्ञा प्रतिष्ठानबाट आजीवन निर्वाह भत्ता लिँदै आएका ११ आजीवन प्राज्ञ सदस्यले अब भत्ता नपाउने भएका छन् ।

प्रतिष्ठानको प्राज्ञ परिषद्का कुलपति भूपाल राईको अध्यक्षतामा २०७९ फागुन ११ गते बसेको परिषद् बैठकले आजीवन सदस्यको दोहोरो भत्ता रोक्ने निर्णय गरेकामा त्यसबाट प्रभावित हुने सदस्यहरूले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए ।

यही चैत १ गते सर्वोच्च अदालतबाट रिट खारेज भएपछि अदालतको आदेश र प्रतिष्ठानको निर्णय कार्यान्वयन हुने प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदीले जानकारी दिनुभयो । आजीवन सदस्यको दोहोरो सुविधा रोक्ने विषयमा प्रतिष्ठानको निर्णयलाई अदालतबाट अनुमोदन भएकाले अबदेखि सोहीबमोजिम कार्यान्वयन हुने उहाँको भनाइ छ ।

परिषद्को उक्त निर्णयविरुद्ध पूर्वउपकुलपति प्रा. डा. वासुदेव त्रिपाठीलगायत ११ जना आजीवन प्राज्ञ सदस्यले रिट दायर गरेका थिए । यही चैत १ गते न्यायाधीशद्वय मनोजकुमार शर्मा र न्यायाधीश नृपध्वज निरौलाको संयुक्त इजलासले सो रिट निवेदन खारेज गरेको हो ।

अबदेखि दोहोरो सुविधा नपाउनेहरूमा डा. त्रिपाठी, प्राडा चूडामणि बन्धु रेग्मी, गङ्गाप्रसाद उप्रेती, प्राडा योगेन्द्रप्रसाद यादव, तीर्थबहादुर श्रेष्ठ, आरडी 'प्रभास' (राजेश्वरीदत्त चटौत), अशोककुमार मल्ल, डा. ध्रुवचन्द्र गौतम, तोया गुरुङ, तुलसीप्रसाद जोशी (तुलसी दिवस) र शशिविक्रम शाह छन् ।

सरकारी सेवा वा निकायको तलव/सुविधा वा निवृत्तिभरण पाउने आजीवन सदस्यहरूलाई प्रतिष्ठानले भत्ता रोक्ने निर्णय गरेको थियो भने त्यस्ता आजीवन प्राज्ञ सदस्यले आफूहरूको प्राज्ञिक योगदानका आधारमा दिइएको सम्मानवृत्ति पाएकाले त्यसलाई दोहोरो सुविधा वा पारिश्रमिक भन्न नमिल्ने तर्क गर्दै आएका थिए । आजीवन सदस्यलाई दोहोरो सुविधा दिन नहुने सम्बन्धमा प्रतिष्ठानविरुद्ध घनेन्द्र ओझाले पनि रिट निवेदन दर्ता गर्नुभएको थियो । **रासस**

## नवलपरासी पूर्वमा 'जापनिज इन्सेफ्लाइटिस' सङ्क्रमणदर उच्च : ३५ वर्षमाथिलाई खोप लगाइँदै

मध्यविन्दु (नवलपरासी), ३ चैत । नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जापनिज इन्सेफ्लाइटिसको सङ्क्रमणदर बर्सेनि बढ्दै गएपछि ३५ वर्षमाथिका नागरिकलाई लक्ष्य गरी खोप अभियान सञ्चालन गरिएको छ ।

जिल्लाभर यही चैत १ गतेदेखि जापनिज इन्सेफ्लाइटिसविरुद्धको खोप अभियान सञ्चालन गरिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख केशव चापागाईँले बताउनुभयो । अभियानअन्तर्गत जिल्लाभित्रका ३५ वर्षमाथिका करिब एक लाख ५० हजारभन्दा बढी नागरिकलाई खोप लगाउने लक्ष्य राखिएको छ ।

उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा मात्र जिल्लामा जापनिज इन्सेफ्लाइटिसका १५ जना सङ्क्रमित फेलापरेका छन्, तीमध्ये छ जनाको मृत्यु भइसकेको छ । सङ्क्रमणदर बर्सेनि बढ्दै जान थालेपछि नवलपरासी (बर्दघाट सुस्तापूर्व) लाई लक्षित गरेर खोप अभियान सञ्चालन गरिएको हो ।"

जिल्लामा रोगको जोखिम बढ्दै गएपछि यसको रोकथामका लागि खोप अभियान सञ्चालन गरिएको जनस्वास्थ्य अधिकृत प्रविणकुमार खनालले बताउनुभयो । उहाँका अनुसार अभियानमार्फत जिल्लाका आठवटै स्थानीय तहमा खोप कार्यक्रम सञ्चालन भइरहेको छ ।

स्वास्थ्य कार्यालयका अनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा आर्थिक वर्ष २०७९/८० मा सात जनामा जापनिज इन्सेफ्लाइटिस पुष्टि भएकामा पाँच जनाको मृत्यु भएको थियो । त्यसैगरी आव २०८०/८१ मा आठ जनामा सङ्क्रमण देखिएकोमध्ये एक जनाको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

प्रमुख चापागाईँका अनुसार जापनिज इन्सेफ्लाइटिस क्युलेक्स नामक लामखुट्टेबाट सर्ने रोग हो । यी लामखुट्टे मध्यम आकारका, खैरो रङका र पेटतिर सेतो चिह्न भएका हुन्छन् । यिनीहरूले प्राय: घाम ढल्केपछि र अँध्यारो भएपछि टोक्ने गर्दछन् । विशेषगरी धानबालीमा जमेको पानी यस लामखुट्टेको प्रमुख बासस्थान हो । साउन, भदौ र असोजमा जापनिज इन्सेफ्लाइटिस बढी देखिने गर्दछ ।

विश्वभर प्रत्येक वर्ष ५० हजारभन्दा बढी व्यक्तिमा जापनिज इन्सेफ्लाइटिस सङ्क्रमण हुने गरेको तथ्याङ्क छ । यसमध्ये १० देखि १५ हजार जनाको मृत्यु हुने गरेको जनाइएको छ । **रासस**

। सम्पादकीय ।

# संसद् देशभक्त, नि:स्वार्थी र इमानदारहरूको थलो बनोस्

सरकारको नेतृत्व गर्ने दलका नेता, प्रधानमन्त्री, मन्त्री, सांसद, जनप्रतिनिधि, कर्मचारी इमानदार र नि:स्वार्थी नभएसम्म देश विकास सम्भव छैन । शासकहरू देश र जनताप्रति समर्पित नभएसम्म देश र जनताको सेवामा ऐन कानुन बन्ने छैन । अहिले सरकारको नेतृत्व गर्ने दलले कुन वर्गका जनताको सेवा गर्ने हो ? त्यो महत्त्वपूर्ण विषय हो । देशको जिम्मेवारी बोक्न बहुमत पाएका दलका नेताहरूमा सामूहिक भावना छैन; जनताको सेवा गर्ने भावना छैन भने उनीहरूको जिम्मेवारी कसरी पूरा हुन्छ ? कमाउनको निम्ति राजनीति गर्ने दलका नेता, मन्त्री र सांसदहरू जनताका प्रिय पात्र बन्दैनन् । विगतमा कति सांसदहरू भ्रष्ट आचरणका भए; जाली मुद्दा, हत्या-हिंसामा फसे । मन्त्री र सांसदहरू आफैं लुकीलुकी भागे । अनेक प्रकारका मुद्दामा परे । देश र जनताको निम्ति काम गर्नुपर्ने जिम्मेवार नेताहरू घटिया बन्न पुगे ।

संसद् देशभक्त, नि:स्वार्थी, इमानदार र दूरदर्शीहरूको थलो बन्नुपर्छ । जुनसुकै दलको नेतृत्वमा सरकार गठन भए पनि निर्वाचित सांसदहरू भ्रष्ट आचरणका हुनुहुँदैन । नयाँ शक्तिको खोल ओढेर सत्ताको स्वाद चाख्न आएका सांसदहरू दाग लागेका छन्; अवसरवादी छन् भने विगतको सरकार र यो सरकारको भिन्नताबारे जनताले कसरी बुझ्ने ? निर्वाचित सांसदहरू भ्रष्ट चरित्रका छन्, आपराधिक क्रियाकलापमा संलग्न छन् भने संसद् कुनै दिन ठेकेदार, भ्रष्टाचारी, हिंसा तथा आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूको थलो बन्न बेर लाग्दैन । सांसद हिमाल, पहाड, तराई जुनसुकै निर्वाचन क्षेत्रका भए पनि देश र जनताप्रति समर्पित हुन्छ भने ऐन कानुन राम्रो बन्छ ।

रास्वपाबाट निर्वाचित सांसदहरू सबै साँच्चै रास्वपाका होइनन् भन्ने कुरा उनीहरू आफैं बताउँछन् । उनीहरूमध्ये कति पहिलेको दलमा रहँदा गुटबन्दी र भागबन्डाबाट वाक्कदिक्क भएका, आफूले टिकट नपाएका, पदमा नपुगेका व्यक्तिहरू रास्वपामा झरेका थिए । सिद्धान्त र विचारको कुनै ख्याल नगर्ने, नेका, एमाले, माओवादी, राप्रपाबाट असन्तुष्ट नेता तथा कार्यकर्ताहरू अहिले रास्वपामा सक्रिय बनेका छन् । राजा आउ देश बचाउ भन्नेहरू, प्रजातान्त्रिक आन्दोलनमा लागेका युवाहरू रास्वपामा प्रवेश गरेका छन् । आर्थिक अनुशासनमा नरहेका, निर्वाचनमा उम्मेदवार बन्न मात्र रास्वपा छिरेका व्यक्तिहरू देश र जनताप्रति कति समर्पित हुने हुन् ? समर्पित भएर काम गर्ने हुन् ? त्यो जनताको चासोको विषय बनेको छ ।

सस्तो लोकप्रियताको राजनीति गरेर या जाल बुनेर निर्वाचित भएका सांसदहरूले के देशको अर्थतन्त्र मजबुत पार्लान् ? हिमाल, पहाड र तराईका जनताको समस्या बुझेर अघि बढ्लान् या ऐन कानुन बनाउलान् ? अरु दलभित्र पस्न नसकेर, काम गर्न नसकेर या अवसर नपाएर कति रास्वपा छिरेका छन् । पहिले आफू गलत काममा फसेर नयाँ दलतर्फ लागेका हुन् भने पसेको दलमा पनि फस्ने सम्भावना हुन्छ ।

हल्लाको भरमा राजनीति गर्नु बुद्धिमानी होइन । दर्शन, सिद्धान्त र विचारबिनाको दलले मार्गनिर्देश गर्न सक्दैन । निर्वाचन सकेपछि र नयाँ सरकार गठनको अभ्यास भइरहेको बेला ग्यास सिलिन्डरको अभाव भयो । पेट्रोल र मट्टीतेलको भाडा बढ्यो । सिमेन्ट र डण्डीको पनि भाउ बढ्यो । यो मूल्यवृद्धि अमेरिका, इजरायल र इरानबिच युद्धको कारण भएको हो कि संयोगमात्र हो ? कि अहिले भाउ बढाएर नयाँ सरकार गठन भएपछि मूल्यवृद्धि घटाएको देखाउन चालेको चाल हो ? अब बन्ने सरकारले के नयाँ निर्णय गरेर जनताको भावनाबमोजिम काम गर्छ ? भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहका विषयमा सरकार कसरी अघि बढ्ने हो; सरकारले के कस्ता अल्पकालीन र दीर्घकालीन निर्णय गरेर जनताको विश्वास जित्ने प्रयास गर्ने हो ? देशमा सुशासनको प्रत्याभूति दिलाउन के कस्ता भ्रष्टाचारी, अपराधी, हत्या-हिंसामा संलग्न व्यक्तिहरूलाई उचित कारबाही गर्ने हो ? त्यो पनि अहिले जनतामाझ चर्चाको विषय बनेको छ ।

सरकार गठनको पूर्वाभ्यास भइरहेको खबर सञ्चारमाध्यममा आएको छ । प्रम बनाउने सन्दर्भमा रास्वपाको विधान संशोधन गर्ने खबर पनि छ । बालेनलाई संसदीय दलको नेता बनाएर प्रम बनाउने चर्चाले नेतृत्व र कार्यकाल बाँडफाँडको सवालमा रस्साकस्सी भएको खबर पनि छापामा आएको छ । समानुपातिक चयनदेखि पार्टी सभापति रवि लामिछाने र बालेनबिच केही असमझदारी देखिएको खबर पनि छ । निर्वाचनअघि पार्टी सभापति र बालेनबिच प्रम बनाउने सहमतिको कुरा सार्वजनिक भए पनि पूरा कार्यकालको लागि हो कि होइन भन्ने निर्णय प्रकाशमा आएको छैन । पार्टी बैठकले गर्नुपर्ने निर्णय दुई व्यक्तिबिच सहमति गर्दा सो सहमतिबारे पार्टीका जिम्मेवार नेताहरू नै अनभिज्ञ भए । अब बन्ने सरकारको पहिलो प्राथमिकता के हो ? वाचा पत्र पूरा गर्छ कि गर्दैन भन्ने जनताको जिज्ञासा छ । सरकार देश र जनताप्रति जवाफदेही हुनुपर्छ; श्रमजीवीवर्गको पक्षमा सरकारले काम गर्नुपर्छ ।

# भावी सरकार र एसपीपी सम्झौताबारे चर्चा

● विवेक

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रत्यक्षमा १२५ स्थान र समानुपातिकमा ५७ गरी १८२ स्थानमा जित हासिल गर्‍यो । यो प्रतिनिधिसभा सदस्यको झण्डै दुईतिहाइ सङ्ख्या हो । २०४६ सालपछि कुनै पनि राजनीतिक दलले यतिको बहुमत प्राप्त गर्न सकेको थिएन । २०७९ सालको निर्वाचन समयअघि पार्टी गठन भई चुनावमा होमिएको रास्वपा पहिलो पटक २१ जना सदस्य प्रतिनिधिसभामा पठाउन सफल भयो ।

भदौ २३ र २४ गतेका युवाहरूको प्रदर्शनपछि आएको राजनैतिक घटनाक्रमले ६ महिनाभित्रै रास्वपालाई देशकै ठुलो मात्र होइन, झण्डै दुईतिहाइको सरकार गठन गर्न पुग्ने बहुमत दियो । यो जनताको मत रास्वपाका नेताहरू राम्रो भएर वा जनताको विश्वास भएर भन्दा पनि २०४६ सालपछि सरकारमा गएका नेका, एमाले र माओवादीको शासनबाट जनतामा व्याप्त असन्तुष्टिको परिणाम हो ।

बितेको ३५/३६ वर्षको अवधिमा केपी ओली, प्रचण्ड, झलनाथ खनाल र माधवकुमार नेपालजस्ता 'कम्युनिस्ट' नेताहरू पटक पटक प्रधानमन्त्री भए । त्यस्तै नेकाका नेताहरू गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र सुशील कोइरालाहरू प्रधानमन्त्री भए तर देशमा जनताले चाहेको जस्तो कुनै परिवर्तन भएन । भ्रष्टाचार चुलिँदै गयो, युवाहरू विदेश जाने लहरलाई रोक्न सकिएन, हरेक क्षेत्रमा परनिर्भरता बढ्दै गयो र देश आर्थिक रूपमा टाट पल्टिने अवस्था पुग्यो । पटकपटक विभिन्न पार्टीहरूलाई मत दिँदा पनि परिवर्तन नदेखेपछि हाल सम्पन्न निर्वाचनमा नयाँको आधारमा रास्वपालाई मत दिएको देखिन्छ ।

निर्वाचनपछि रास्वपाको उदयसँगै अमेरिकासँगको स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) सम्झौताबारे चर्चा हुन थालेको छ । यसअघिकै सरकारहरूले त्यसलाई पारित गर्न खोजेका थिए तर संसद् र सडकबाटै त्यसको चर्को विरोधपछि पारित हुन सकेको थिएन ।

एमसीसीका सूत्राधारमध्येका एक स्वर्णिम वाग्ले अब बन्ने नयाँ सरकारको अर्थमन्त्री बन्दै छन् । उनले एमसीसी नेपाल भित्र्याउन, नेताहरूलाई मनाउन निकै समय खर्च गरेको दाबी गर्दै छन् । संसद्बाट एमसीसी अनुमोदनको क्रममा निकै विरोध भएको थियो । अमेरिकी कानुन र नीति उल्लङ्घन गर्न नपाइने, उक्त परियोजना कार्यान्वयन गर्दा नेपालीको मृत्यु भएमा उजुरी गर्न नपाइने, एमसीसीअन्तर्गतका सबै क्षेत्रमा अमेरिकी कानुन लागू हुने र एमसीसीलाई चित्त बुझ्ने योजना मात्र भारतको अनुमतिमा कार्यान्वयनमा आउनेजस्ता देशघाती बुँदाहरू त्यस सम्झौतामा रहेको कुरा सार्वजनिक भएको विषय हो ।

एमसीसीको विरोधमा नेपाल मजदुर किसान पार्टीले संसद् र सडकमा चर्को आवाज उठायो । देशका १०० भन्दा बढी ठाउँमा जुलुस प्रदर्शनहरू भए र जनतालाई एमसीसीका देशघाती बुँदाहरूबारे सचेत पार्ने काम गर्‍यो । माओवादीभित्रका थुप्रै नेताहरू पनि त्यस सम्झौताको विरोधमा थिए । एमसीसी सम्झौताले नेपालमा अमेरिकी प्रभाव बढ्दै जाने र नेपालले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीतिविपरीत भएकोमा देशभक्त नेपाली बुद्धिजीवीहरू पनि एकमत छन् । त्यस्ता सम्झौतालाई 'व्याख्यात्मक टिप्पणी' को नाउँमा नेका, एमाले र माओवादीसहित सबैले पारित गरे । त्यस सम्झौताको विरोध नेमकिपाले मात्रै गर्‍यो ।

रास्वपा नेता स्वर्णिम वाग्लेले भने, "एमसीसी नेका, एमाले र माओवादी मिलेर पारित गर्ने अनि दोष जति मलाई दिने ?" जनतामा एमसीसीको विरोध र आक्रोस देखेपछि आएको वाग्लेको अभिव्यक्ति हो त्यो ।

एमसीसी संसद्बाट अनुमोदन भइसकेकोले अब फिर्ता हुनसक्ने सम्भावना अत्यन्त कम छ । जाबो ५५ करोड डलरको निम्ति हाम्रा शासकहरूले अमेरिकी हस्तक्षेप स्वीकार गरे, देशको सार्वभौमिकता बन्धकमा राखे; अमेरिकासामु आत्मसमर्पण गरे । एमसीसीकै कारण देशमा अमेरिकी प्रभाव बढ्दै गएको छ । केही समयअघि काठमाडौंको शिवपुरी माविमा अमेरिकीहरूले सैनिक पोशाकमै ब्यान्ड बाजा प्रस्तुत गरेका थिए । घोडाजात्राको दिन काठमाडौंको टुँडिखेलमा सैनिक ब्यान्डसहित नृत्य प्रदर्शन गरे । त्यस्तै १ वर्षअघि अमेरिका, बेलायत, भारत र नेपालको संयुक्त सैनिक ब्यान्डले काठमाडौं र ललितपुरमा सैनिक ब्यान्ड प्रस्तुत गरेका थिए । नेपालमा अमेरिकी प्रभाव बढ्दै जानुको योभन्दा राम्रो उदाहरण अरू के हुनसक्छ ? यस अवधिमा धेरै सैनिक उच्च पदाधिकारीहरू नेपालमा आउजाउ गर्न थालेका छन् । नेपालमा विगतमा भारतको अत्यधिक प्रभाव रहेकोमा अब अमेरिका पनि पछि पछि आउन थालेको छ ।

पछिल्लो युवा प्रदर्शनमा एकै दिन देश जल्नु त्यसै कारण सम्भव भएको देखियो । अमेरिका र भारतजस्ता शक्तिशाली देशहरूको हात नभई कुनै पनि हालतमा यति छोटो अवधिमा यति धेरै राज्यको सम्पत्तिमा क्षति पुर्‍याउन सक्ने सम्भावनै थिएन । ५/६ घण्टाभित्र देशका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरू जले । केही समय देश संविधानविहीनताको अवस्थामा पुग्यो । त्यो घटनामा मोहडामा स-साना कलिला बालबालिकाहरू परे पनि पछाडि त्यस्तै शक्तिको सहयोग हुनसक्ने धेरैको अनुमान थियो ।

एसपीपीको कुरा चर्चामा आइरहेको बेला तत्कालीन प्रधानसेनापति प्रभुराम शर्माको एउटा भिडियो फुटेज अहिले सार्वजनिक भएको छ । उनले एसपीपीले नेपालमा विपद्को बेला काम लाग्ने सामान ल्याउन सहज हुने भएकोले मानवीय सहायता नेपालमा ल्याउने लक्ष्यका साथ काम भएको कुरा व्यक्त गरेका छन् । वास्तवमा एसपीपी अमेरिकाले नाटो देशको सदस्य बनाउन चालिने पहिलो कार्यक्रम हो । अमेरिकाले पहिले एसपीपी सम्झौतामा हस्ताक्षर गराउँछ, त्यसपछि उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) को सदस्य बनाउँछ ।

संसारका धेरै देशहरूसँग एसपीपी सम्झौतापछि अमेरिकाले नाटो देशको सदस्य बनाएको उदाहरण छ । अल्बानियाले सन् २००१ मा एसपीपी सम्झौतामा हस्ताक्षर गर्‍यो, २००९ मा नाटोको सदस्य बन्यो । क्रोयसियाले सन् १९९६ मा एसपीपीमा हस्ताक्षर गर्‍यो र सन् २००९ मा नाटोको सदस्य बनायो । युक्रेनले सन् १९९३ मा एसपीपीमा हस्ताक्षर गर्‍यो र नाटोको सदस्यता लिन प्रक्रिया अगाडि बढाएपछि युक्रेन र रुस युद्ध सुरु भएको हो ।

अमेरिका संसारभर आफ्नो सैनिक बेस क्याम्पहरू राखेर संसारै कब्जा गर्न चाहन्छ । त्यसको लागि युक्रेन नाटो सदस्य बन्नुको अर्थ आफ्नो अन्त्य निम्त्याउनु सरह हो । त्यसैले रुसले युक्रेनलाई नाटो सदस्य हुनबाट रोक्न बारम्बार प्रयास गर्‍यो । कलाकारिता क्षेत्रबाट राजनीतिमा आएका जेलेन्स्कीले भविष्यको दुर्गतिबारे कुनै अनुमान लगाउन सकेनन् । अमेरिकाको लहैलहैमा उसले युद्धलाई अगाडि बढाइरह्यो । अहिले हजारौं युक्रेनी जनताले ज्यान गुमाइसके । खर्बौं डलरको राज्यको सम्पत्ति नोक्सान भयो । उसको साथमा न अमेरिका नै सक्रिय छ न आफ्नो भूमि आफ्नो मातहतमा नै छ । कच्चा राजनीतिको परिणाम कस्तो हुन्छ ? त्यो युक्रेनी जनताले अहिले भोग्दै छन् ।

नेपालमा रास्वपा सरकारपछि एसपीपी सम्झौता हुनेबारे निकै चर्चा भइरहेको छ । नेपाल चीन र भारतजस्ता विशाल भूमि र जनसङ्ख्या रहेका देशहरूको बिचमा छ । यो भौगोलिक अवस्थितिलाई संरक्षण गरिरहन उपयुक्त विदेश नीति अवलम्बन गर्नुपर्दछ । नेपाल सरकारले कुनै एउटा देशको पक्ष लिएर अर्को छिमेकीलाई चिढाउने काम गर्‍यो भने त्यसले नेपालको सुरक्षामा खतरा उत्पन्न हुनसक्छ ।

नेपालमा रास्वपाले जितेपछि नै अमेरिकाले सुरक्षा क्षेत्रमा सहकार्यको कुरा गर्न चाहेको सञ्चारमाध्यममा आएको छ । निर्वाचनमा जेसुकै भए पनि रास्वपाले बहुमत ल्याएको छ । उसले भ्रष्टाचारको अन्त्य र सुशासनको कुरा गरेको हो । जनताले त्यसलाई पत्याए वा विश्वास गरे । निर्वाचनमा उसका अधिकांश उम्मेदवारहरू जिते ।

अब जनताले २०४६ सालपछि सरकारमा गएका प्रधानमन्त्री, मन्त्री र विभिन्न सरकारी संस्थाहरूको मुख्य मुख्य पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने र अवैध सम्पत्ति जम्मा गरेको पाइएमा कानुनबमोजिम कारबाही गर्नेलगायतका उसको वाचापत्रमा उल्लिखित कुराहरू पूरा गर्ने जनताको अपेक्षा छ ।

# नागरिकको कर्तव्य पनि पूरा हुनुपर्ने



पाठक पत्र

चैत वैशाख महिना सुखा मौसम हो । रुखका पातहरू झर्ने, खोलानाला सुक्ने र खानेपानीको समस्या हुने समय हो । मौसम सुरु नभएसम्म खोलामा ढल बग्ने हुँदा दुर्गन्ध फैलिन्छ । यो बेला रोग फैलिने समय भएकोले नगरवासीहरू सचेत भई फोहरलाई जताततै नफाली रोग फैलिनबाट बच्न र बचाउन आ-आफ्ना तर्फबाट कोशिश गर्नुपर्छ । भक्तपुरको उत्तरबाट बग्ने कासाङ खुसी र दक्षिणबाट बग्ने हनुमन्तेलाई पनि सकेसम्म फोहर नबगाई कम दुर्गन्धित गर्न प्रत्येक नागरिकले प्रयास गर्नुपर्छ । विदेशमा प्रत्येक घरबस्तीमा दुई वटा बग्ने ढल हुन्छ । एउटा भान्छा, लुगा धुने, नुहाउने, सरसफाइ र आकाशको पानी मात्र बग्ने ढल । सो ढलको पानी सिधा खोलानालामा बग्छ । यसबाट खोलानाला सुखा पनि हुँदैन र फोहर पनि गन्हाउँदैन । एसियाका केही देशमा यस्तो पानीलाई खोलामा थुनेर स-साना डुङ्गा चलाई सस्तो यात्रा गर्ने र सडकजाम हुनबाट रोक्ने काम गरेको हुन्छ । अर्को शौचालयबाट बग्ने फोहर पानी उपचार पोखरी (Treatment pond) मा जम्मा हुन जान्छ । यो हाम्रो ढल व्यवस्थाले सम्भव छैन । त्यसकारण, बस्तीबाट बग्ने फोहर पानीलाई छिटोभन्दा छिटो बनिरहेको अपचार पोखरीमा खसाल्न घच्घच्याउन पहल गर्नुपर्ने देखिन्छ । जगातीतिर जाने बाटोमा धाराको पाइप दुई तीन ठाउँ बगेको देख्छु । त्यसलाई मर्मत गर्न स्थानीयवासीले सम्बन्धित ठाउँमा मर्मतको लागि जानकारी दिनुपर्छ भन्ने सोचाइ नभएको हो कि ? त्यसरी फुटेको प्वालबाट आफूले खानुपर्ने पानीमा फोहर मिसिन गई रोग निम्तिन सक्छ । यस्तो कुरामा स्थानीय सचेत भई आफ्नो नागरिक कर्तव्य पूरा गर्न लाग्नुपर्छ । स्थानीयवासीबाट जानकारी नभए पनि खानेपानी संस्थाको आफ्नो निरीक्षक होला या ठाउँ ठाउँमा धारा खोल्न जाने कर्मचारीहरूले पनि आफ्नो सम्बन्धित फाँटलाई जानकारी दिनुपर्ने हो । यो सम्बन्धित कर्मचारीको कर्तव्य पनि हो ।

अक्सर बेलुकातिर च्याम्हसिंहबाट

-नगेन्द्र

**सन्दर्भ : पेरिस कम्युन स्थापना दिवस (मार्च १८)**

# मजदुरवर्गको राज्य पेरिस कम्युन – २

✍ नारायणमान बिजुक्छेँ (रोहित)

**कम्युनले गरेका कार्यहरू**

कम्युनले पुरानो प्रशासनको ठाउँमा नयाँ प्रशासनिक व्यवस्था लागु गर्यो; पहिलो अप्रिलको दिन कर्मचारीहरूको तलब मजदुरहरूको ज्यालासरह गरिदियो । कुनै पनि कर्मचारीको तलब ६ हजार फ्रान्कभन्दा बढी नरहने नयाँ तलब दर लागू गरियो । कम्युनका सदस्य अर्थात् प्रतिनिधिसभाका सदस्य र मन्त्रीहरूको तलब पनि साधारण ज्यामीको सरह गरियो । त्यो रकम बेलायतको एक स्कूल सेक्रेटरीको सबभन्दा तल्लो तलब दरको पाँच भागको एक भाग थियो । त्यसबेला स्कूल, पाठशाला या शिक्षण संस्थाहरू धार्मिक चर्चको पञ्जामा थियो । त्यसले विज्ञान र विवेकलाई थिचिराखेको थियो । ८ अप्रिलको दिन शिक्षण संस्थाहरूलाई चर्चबाट अलग्ग गर्ने ऐन पारित गरिदियो । चर्चलाई राज्यबाट अलग्ग गरिदियो । धर्म मानिसको व्यक्तिगत विश्वासको रूपमा तल झारियो । धार्मिक कामको निम्ति सरकारले दिने गरेको रकम बन्द गरियो । जन्म-मृत्यु र विवाह दर्ता पनि कम्युन आफैले गर्ने निधो गर्‍यो । स्कूलमा धार्मिक ऐनहरू पढाउन बन्द गरियो । धेरै चर्च र मठहरूलाई जनताको सभा भवन बनाइदियो । कम्युनले स्कूलबाट सबै धार्मिक तस्बिर र चिह्नहरू, उपदेश र प्रार्थना आदि सबै चित्रहरू झिकिदियो । जनतामा नि:शुल्क र अनिवार्य शिक्षा लागू गरियो । नयाँ नयाँ स्कूलहरू खोलिए, जनविरोधी पदाधिकारीहरू गिरफ्तार गरिए । युगौंदेखिको धार्मिक शोषणको सिक्रीलाई चुँडाली दियो । विज्ञानलाई चर्चको सिक्रीबाट छुटकारा दिइयो ।

कम्युनले बदनाम भएका पुराना पुलिस र सेनालाई भङ्ग गरेर वार्ड वार्डको आधारमा जनतामा स्वयंसेवक संस्थाको स्थापना गर्यो । त्यसका अफिसरहरू आफूमध्येबाट चुनिए । पुरानो अनिवार्य सैनिक भर्ती प्रथा खारेज गरेर हतियार बोक्न सक्ने सबै लोग्ने र स्वास्नीमानिस राष्ट्रिय गार्डमा सामेल हुनसक्ने नियम बनाइयो । यो नियम सेनामा लागू गरिनु प्रजातान्त्रिक पद्धतिको एक उदाहरण थियो ।

कम्युनले सार्वजनिक क्षेत्रमा केन्द्रीय सरकारका अधिकारहरू स्थापना गर्यो । नगरपालिका र अड्डा अदालतका सबै काम कम्युनले आफ्नो हातमा लियो र न्यायपालिकाका सदस्यहरू जनताबाट चुन्ने व्यवस्था गर्यो । न्यायको त्यस व्यवस्थाले भ्रष्टाचार, चोरी, डकैतीको जगजगी भएको पेरिस राति पनि ताला लगाउन नपर्ने पेरिसमा फेरियो ।

पेरिसबाट भागेका मालिकहरूको कारखाना मजदुरहरूलाई नै जिम्मा दिइयो । श्रम समितिले उत्पादन कार्यलाई अगाडि बढायो र बेकारी समस्यालाई सुल्झायो । मालिकहरू बाँकी भएका कारखानाहरूमा ज्याला कम्युनले नै तोकिदियो । कारखाना मालिकहरूले मजदुरलाई सजाय गर्न नपाउने आदेश दिए । बन्धक राखिएका पसलहरू गरिब जनतालाई नै फर्काइदियो । अक्टोबर १८७० देखि १८७१ अप्रिलसम्मको घरको बहाल माफी गरिदियो र दिइएको रकमलाई पेस्की मानियो । मध्यमवर्गको ऋण ३ वर्षभित्र बिनाब्याजले किस्ताबन्दीको रूपमा तिर्ने बन्दोबस्त गरियो । त्यस्तो बन्दोबस्तले पसले, कालिगड, व्यापारी र मध्यमवर्ग कम्युनको पक्षमा गए । बन्धक लिने संस्थालाई शोषणको संस्था भनेर बन्द गरियो । अँध्यारो, ओसिलो छिँडी र पानी चुहिने छानामुनि बसेका मजदुरहरूलाई पेरिसबाट भागेका धनी र पुँजीपतिवर्गको घरमा डेरा सारियो । कामको समयमा मजदुरहरूको स-साना नानीहरू राख्ने शिशुशाला र बालोद्यानको बन्दोबस्त गरियो ।

मजदुर र महिलाहरूको नयाँ नयाँ वर्गीय र राजनैतिक सङ्गठनहरू खुल्न थाल्यो । कामदार जनताले ठूलो उत्साहपूर्वक कम्युनलाई सहयोग र समर्थन गर्न लागे । कम्युनले १ लाख प्रति पर्चाहरू छापेर किसानहरूलाई एक हुन आह्वान गर्यो । पर्चामा लेखिएको थियो, 'पेरिस जग्गालाई जोताहा किसानहरूकै गर्न चाहन्छ । काम गर्ने ज्यावलहरू सबै जनताको निम्ति मजदुरहरूको गर्न चाहन्छ', तल 'पेरिसका कम्युनहरू' भनेर लेखिएको थियो । त्यसबेला पुँजीपतिहरू र क्याथोलिक चर्चका धर्माधिकारीहरू गाउँ गाउँमा गएर किसानहरूलाई मजदुरविरोधी प्रचारहरू गरिरहेका थिए । मजदुरहरूले ती पर्चाहरू बेलुनमा बाँधेर गाउँ गाउँमा छर्न लगाए ।

कम्युनमा विदेशी मजदुर पनि निर्वाचित हुनसक्ने ऐन पास भयो । कम्युनले विदेशी क्रान्तिकारीहरूलाई कम्युनको मुख्य-मुख्य पदमा बसेर सेवा गर्ने मौका दियो । त्यो मौका विदेशी क्रान्तिकारीहरूलाई महान् उद्देश्यको निम्ति गरेको बलिदानको सम्मानमा प्रदान गरिएको थियो । कम्युन एक अन्तर्राष्ट्रिय सरकार हो । कम्युनको झन्डामा लेखियो, 'कम्युनको झन्डा संसारको प्रजातन्त्रको प्रतीक हो ।'

१८ मार्च १८७१ को क्रान्तिको रात प्रसियाको प्रधानमन्त्री विस्मार्कलाई निद्रा लागेन । पेरिसको क्रान्ति जर्मनीको सीमासम्म पुग्ला भनेर उनी साह्रै डराएका थिए । उनी आफैं छिटो सम्झौता गर्ने पक्षमा थिए । त्यसकारण, थियरलाई शान्ति सम्झौताका सर्तहरू निश्चित गर्न दूतहरू पठाउने आदेशको सन्देश पठाए । थियरले दुई जना दूतहरू प्रसियाको राजधानी फ्रैङ्कफर्ट पठाए । दूतहरूमध्ये एकजना जुलेस फाब्रे थिए । उनी थियरको परराष्ट्रमन्त्री थिए । अर्को अगष्ट पौयर क्युर्टिएर थिए । उनी थियरका अर्थमन्त्री थिए । क्युर्टिएर स्वयं एक कारखाना मालिक र राजतन्त्रवादी थिए ।

बिस्मार्कले तिनीहरूलाई साम्राज्यको पुन: स्थापना वा शान्ति सम्झौताका सर्तहरूमध्ये एक रोज्न भने । सर्तमा हर्जाना तिर्ने समय घटाउने र फ्रान्सको स्थिति सन्तोषजनक नभएसम्म पेरिसको किल्लामा प्रसियाको सेना राखी छाड्ने कुरो पनि थियो । पेरिस कम्युनलाई खतम गर्न बन्दी बनाइएको बोनापार्टको सेनालाई पनि छोड्ने कुरा गरे । त्यसलाई मद्दत गर्न प्रसियाको सम्राट विल्हेमले सेनापति दिने आश्वासन दिए । हर्जानाको पहिलो रकम पेरिस 'शान्त भएपछि लिने' कुरा गरे ।

उसका शान्ति सम्झौताका सर्तहरू भर्सेलिजको सरकारले नमानेको खण्डमा साम्राज्यको पुन: स्थापनालाई मान्नुपर्ने थियो । साम्राज्यको पुन: स्थापनाको अर्थ त्यो सम्झौतालाई स्वीकार गर्ने सरकार स्थापना गर्नु नै थियो । थियरले आफ्नो सत्ता पनि छोड्नुपर्ने थियो । त्यसकारण, उनका दूतहरूले पुन: स्थापनाभन्दा शान्ति सम्झौताका सर्तहरूलाई स्वीकार गरे । वास्तवमा त्यो एक लज्जाजनक घुँडा टेकुवा सम्झौता थियो ।

१० मे १८७१ को दिन थियर सरकारले त्यस सम्झौतामा हस्ताक्षर गर्‍यो; अलसास र लोरेन प्रान्त जर्मनीको हातमा सुम्पिदियो । ५ अर्ब फ्राङ्क रकम बराबरको सुन तिर्न मञ्जुर गर्‍यो । १८ मे को दिन भर्सैलिजको राष्ट्रिय सभाले त्यसलाई स्वीकृति दियो । प्रसियाले लडाइँमा बन्दी बनाएका १ लाख फ्रान्सेली सेनालाई पेरिस कम्युन दबाउन फिर्ता दियो । शान्ति सम्झौतामा हारेको पक्षले सेना बढाउन दिँदैनथ्यो । तर, विस्मार्कले कम्युनलाई दबाउन भर्सेलिजको सरकारलाई सेना बढाउन दियो । पेरिसको उत्तरमा प्रसियाको ठूलो सेना थियो । प्रसियाले भर्सेलिजका सेनालाई त्यहाँबाट पेरिसमाथि हमला गर्ने बाटो छोडिदियो । पेरिस कम्युनका सल्लाहकारहरूले उत्तरतिरबाट भर्सैलिजको सेनाले हमला गर्न आउँछ भनेर चिताएकै थिएनन् ।

२० मेको दिन भर्सैलिजका शत्रुले पेरिसमाथि धावा बोल्यो । २१ मे को दिन शत्रु नगरभित्र पस्यो तर मजदुरहरूले शत्रुहरूलाई चारैतिर रोकिराखे । पेरिस सहरको चारैतिर सडकमा पर्खाल बनाएर मोर्चा बनाएका थिए । केटाकेटी र आइमाईसमेत लडिरहेका थिए । कम्युनका समर्थक कम्युनार्डहरू हरेक टोल र हरेक घरमा एक एक इञ्च जग्गाको निम्ति ज्यान दिएर लडिरहे । १० हजारभन्दा बढी मजदुरहरू मोर्चामा लडिरहेका थिए । पेरिसका मजदुरहरूले सहरलाई एक हप्तासम्म रक्षा गरिरहे ।

सबभन्दा पहिलो गढ पेरिसको 'पिरे लाचेस सेमेट्री' भन्ने चिहान थियो । २१ मे को दिनसम्म त्यहाँ २ सय मजदुरहरू लडिरहेका थिए । आखिरमा भर्सेलिजका पल्टनले त्यसको मुख्य ढोकालाई तोपले फोड्यो र पल्टनभित्र पस्यो । कम्युनार्डहरू अन्तिम गोली भएसम्म लड्दै गए । बाँकी भएका कम्युनार्डहरूलाई पर्खालको कुनामा गोली हानेर मारे । अन्तिम बन्दुक भएसम्म पेरिसमा रातो झन्डा फहरिरहेको थियो ।

२८ मे १८७१ को दिन पेरिस कम्युनको अन्तिम मोर्चा पनि हार्‍यो, प्रतिक्रान्तिको जीत भयो ।

२० मे देखि २८ मेसम्मको त्यस हप्तालाई 'रगत बगेको मेको हप्ता' भनिन्छ । पेरिसमा भर्सेलिजको पल्टनको कब्जा हुनासाथै अत्याचारको नाङ्गो नाच चल्यो । थियर सरकारले शङ्का लाग्ने सबै मानिसहरूलाई गोली हानेर मार्‍यो; कम्युनका नेताहरूलाई बडो यातना दिएर मार्‍यो । कम्युनार्डहरूलाई मद्दत गरेको शङ्कामा थुप्रै आईमाई र केटाकेटी पक्रिए र मारिए । ६५० केटाकेटी पक्रिएका थिए । ३० हजार कम्युनहरूलाई मुद्दै नचलाई ४० हजारभन्दा बढी जेलमा थुनिए वा अपराधीको रूपमा उपनिवेशहरूमा काम गर्न पठाइए । त्यो एक प्रकारको कालापानीको सजाय थियो । तिनीहरू त्यहाँ धेरै काम गर्दा गर्दै मरे अथवा आर्थिक कठिनाइ र बिरामी भएर मरे ।

२७ मे को दिन हरेक वर्ष 'पिरे लाचेस सेमेट्री' मा मजदुरहरू एक सम्झना सभा गर्ने गर्छन् । पेरिसका कम्युनार्डहरूको सम्झनामा त्यस ठाउँलाई 'कम्युनार्डहरूको पर्खाल' नाउँ राखियो । त्यो दिन हरेक वर्ष सहिद भएका मजदुरहरूका विधवाहरू त्यहाँ जान्थे । आफ्ना छोरा-छोरीहरूलाई भन्थे, "यही ठाउँमा तिम्रो बालाई पुँजीपतिवर्गले मारेको थियो । त्यसको बदला तिमीले लिनुपर्छ ।" त्यो सम्झना दिवस आज पनि हरेक वर्ष त्यहाँ मनाइन्छ । इतिहासमा कहिले नभएको जस्तो वीरतापूर्वक लडेर सहिद भएका मजदुरवर्गका महान् अग्रदूतहरूलाई उनीहरू सलाम गर्छन् । सहिद हुने बेलामा ती वीरहरूले नारा लगाएका थिए 'कम्युन जिन्दावाद !'



**पेरिस कम्युनको असफलताका कारणहरू**

पेरिस कम्युनका मजदुरहरूले इतिहासमा नदेखिएको बहादुरी देखाएर लडे । असीम वीरतापूर्वक कम्युनको झन्डालाई ३ महिनासम्म माथि उठाइराखे । तर, त्यसका केही राजनीतिक र रणनीतिक गल्तीहरूले गर्दा पेरिस कम्युनले ठुलठुला हारहरू भोग्नुपर्‍यो ।

**कम्युनका रणनीतिक (लडाइँसम्बन्धी व्यवहारिक) भूलहरू**

(१) १८ मार्चको दिन, पेरिस कम्युन घोषणा गरिसकेपछि विरोधी सेनालाई नि:शस्त्र गरिएन । तिनीहरूलाई भर्सैलिजमा जान दिइयो । तिनीहरूलाई बन्दी बनाइएन । विरोधीहरूलाई पेरिसका किल्लाहरूमा भेला हुन दिइयो । तिनीहरूलाई आवतजावत गर्न दिइयो । त्यस्ता छुटहरू दिँदा शत्रुहरूले पेरिसका सबै सैनिक गतिविधि र सैनिक कमजोरीहरू पत्ता लगाए । त्यहाँसम्म कि शत्रुले कम्युनको बारूद खानामा आगो लगाइदियो र हेडक्वाटर (प्रधानकार्यालय) मा नेताहरूमाथि आक्रमण गर्न सफल भयो ।

(२) फ्रान्सको बैङ्कलाई तुरन्त कब्जा गरिएन । बैङ्क कब्जा गरिएको भए फ्रान्सेली पुँजीपतिहरूको भर्सेलिज सरकारलाई सम्झौता गर्न दबाब पर्दथ्यो । फेरि बैङ्क पुँजीपतिवर्गको स्नायु केन्द्र हो । एक बैङ्क दस हजार सेनाको बराबर थियो । बैङ्कको पैसा भर्सैलिज सरकारलाई दिइयो । त्यस पैसाले युद्धको तयारी गर्यो । नयाँ नयाँ सेना भर्ना गरेर शत्रुलाई तरबार दिने भूल गर्‍यो ।

(३) पेरिस भर्सैलिजको सेना र प्रसियाको सेनाबाट घेरिएको थियो । त्यस्तो निस्सासिंदो परिस्थितिबाट छिट्टै छुटकारा पाउनु आवश्यक थियो । त्यसको निम्ति भर्सैलिजमा तुरुन्तै धावा बोल्नु पर्दथ्यो । त्यसबेला थियरले सेना जम्मा गर्न सकेको थिएन । जम्मा गर्ने फुर्सद पनि पाउने थिएन ।

(४) पुँजीपतिवर्गलाई पेरिसबाट बाहिर जान दिइयो । ती पुँजीपतिहरूलाई बन्दी बनाइनु पर्दथ्यो । त्यसो गरेको खण्डमा धेरै काम आउँथ्यो अथवा भर्सेलिजको सरकार सम्झौता गर्न आउनुपर्दथ्यो । कम्युनले पादरीहरूलाई मात्रै बन्दी बनायो । मजदुर नेताहरूलाई भर्सैलिज सरकारले बन्दी बनाएको थियो । यदि पुँजीपतिहरूलाई बन्दी बनाएको भए बन्दीहरूको आदानप्रदानको सम्भावना थियो अथवा पुँजीपतिहरू मर्ने डरले पेरिसमा गोलाबारी गर्न डराउँथे ।

(५) विरोधी मानिसहरूलाई आवतजावत गर्न दिँदा तिनीहरूले सबै प्रकारको सूचनाको आदानप्रदान गर्ने । त्यसले पेरिस कम्युनभित्र भ्रष्टाचार फैलाउने, आपसमा फुटाउने र जुधाउनेजस्ता षड्यन्त्रहरू गर्ने मौका पाए ।

**पेरिस कम्युनले गरेका केही राजनैतिक भूलहरू**

(१) १८ मार्चको दिन पेरिस कम्युनको घोषणा गर्नासाथै भर्सैलिजमाथि धावा बोलेर राष्ट्रिय सभालाई भङ्ग गर्नुपर्दथ्यो । थियरको सरकारलाई गिरफ्तार गर्नुपर्दथ्यो, यसबारे पेरिसमा शरण लिएर बसेका पोल्यान्डका क्रान्तिकारी जारोस्लाव डोम्ब्रोवस्कीले भनेका थिए । उनी एक खानदानी कुलका थिए र कम्युनले उनलाई पेरिसको मिल्ल भन्ने इलाकाको सुरक्षा कमान्डरमा नियुक्त गरेको थियो । उनले भर्सैलिजमा धावा बोल्ने र गिरफ्तार गर्ने प्रस्ताव राखेका थिए । उनले त्यसबेला भनेका थिए, "तपाईंहरू पछिको कुरा देख्नुहुन्न । तपाईंहरू दुई पाइलाभन्दा बढी सोच्न सक्नु हुन्न । ढिलो वा चाँडो तपाईंहरूले लडाइँ लड्नै पर्छ । तर, त्यसबेला धेरै अबेर भइसकेको हुन्छ । यदि तपाईंहरूले अहिले भर्सैलिजमा हमला गर्नुभयो भने परिस्थिति तपाईंको हातमा हुनेछ अथवा तपाईंको हात माथि हुनेछ ।" समयले देखाइदियो डोम्ब्रोवस्कीको भनाइ ठीक थियो ।

(२) २६ मार्चमा चुनावमा विरोधी पार्टीहरूलाई पनि उठ्न दिइयो । त्यसले उनीहरूलाई आफ्नो शक्ति अनुमान गर्ने मौका दियो ।

(३) त्यसबेला फ्रान्सको जनसङ्ख्याको ठूलो भाग किसान, कालिगड र पसलेहरूजस्ता स-साना पुँजीपतिवर्गको थियो । सर्वहारावर्गले मात्रै सत्तालाई कब्जा गरिराख्न सकिँदैनथ्यो । किसानहरूको सङ्गठन र सहयोग थिएन । पेरिस कम्युन गाउँमा पस्न सकेन । यसकारण, प्रतिक्रियावादीहरू गाउँमा गएर मजदुरविरोधी प्रचार गर्ने मौका पाए । थियरले थुप्रै किसानहरूबाट सेना बनायो । यसले गर्दा पेरिस एक्लियो ।

(४) फ्रान्समा त्यसबेला कुनै एक क्रान्तिकारी मजदुर पार्टी थिएन । मजदुर विभिन्न दलहरूमा विभाजित थिए । तिनीहरू एउटा क्रान्तिकारी सिद्धान्तमा एक थिएनन् । मजदुरवर्गको बहुमत भागले आफ्नो राजनीतिक कार्यहरू बुझेका थिएनन् । क्रान्तिकारी सिद्धान्त बोकेको बलियो मजदुरवर्गको एक राजनैतिक पार्टीबिना राज्यसत्ता कब्जा गर्ने क्रान्तिलाई नेतृत्व गर्न सक्दैनथ्यो ।

**पेरिस कम्युनको शिक्षा**

मजदुरवर्गको हरेक जीत र हारबाट नयाँ नयाँ शिक्षाहरू मजदुरहरूले सिक्ने गर्छन् । रगत बगाएर सिकेको शिक्षा बिर्सन्न । बलिदान खेर जान्न । सर्वहारावर्गको प्रजातन्त्र (कम्युन) पुँजीवादी प्रजातन्त्रभन्दा धेरै उँचो र पूर्ण प्रजातान्त्रिक व्यवस्था साबित भयो ।

पेरिस कम्युनले वर्गीय दमनको मुख्य शक्ति सेना र पुलिसको शक्तिलाई ध्वस्त पारेको थियो । पुरानो सेनाको ठाउँमा 'राष्ट्रिय गार्ड' को नयाँ सेना र मजदुरहरूको सशस्त्र शक्तिले रक्षाको काम सम्हालेको थियो । पेरिस कम्युन सर्वहारावर्गको पहिलो राज्यसत्ता थियो । सर्वहारा क्रान्तिमा त्यसले ऐतिहासिक महत्त्व राख्छ । यसको हार-जीतले तलका शिक्षाहरू लिन सकिन्छ ।

१) वर्गशत्रुको सैनिक शक्तिलाई ध्वस्त गरेर सर्वहारावर्गको नयाँ सैनिक शक्ति कायम गर्नुपर्छ ।

२) शोषक वर्गमाथि उदारता देखाउनुहुन्न । तिनीहरूमाथि सर्वहारावर्गको हुकुम चलाउनुपर्छ । सत्ताबाट फालिएको पुँजीपतिवर्ग विदेशी पुँजीपतिवर्गको मद्दतले पहिलेको भन्दा झन् बलियो भएर झम्टन आउँछ ।

३) पुरानो तयारी राज्य मेसिनरी ( प्रशासन) ले सर्वहारावर्गलाई काम दिँदैन । सर्वहारावर्गको आफ्नै प्रशासन तुरुन्तै लागु हुनुपर्छ । नत्र, पुराना कर्मचारीहरूले विरोध गर्ने, हडताल गर्ने र धोका दिनेछन् अथवा तिनीहरूको बिचमा सर्वहारावर्गको सङ्गठन हुनुपर्छ ।

(४) समाजवादको विजयको निम्ति किसान र मजदुरवर्गको सहयोग अत्यावश्यक छ । एकता गर्न सकिने स-साना पुँजीपतिवर्गलाई पनि एक गर्नुपर्छ । शत्रुलाई सकेसम्म एक्लो पार्नुपर्छ ।

(५) पेरिस कम्युनको क्रान्तिको बेलामा कार्ल मार्क्स बेलायतमा हुनुहुन्थ्यो । पेरिसको खबर सुनेर उहाँले भन्नुभयो, "शत्रु दैलोमा उभिएको छ, विद्रोह हारमा फेरिने छ ।" तर, क्रान्ति भयो । मार्क्सले आफ्नो सारा शक्ति लगाएर त्यसलाई समर्थन गर्नुभयो । संसारका सबै मजदुरवर्गलाई पेरिस कम्युनलाई समर्थन गर्न आह्वान गर्नुभयो । त्यसबेला पेरिस कम्युनमा मार्क्सवादीहरू अल्पमतमा थिए । मजदुरवर्गको एक सिङ्गो राजनैतिक पार्टी थिएन । भर्सैलिजमा आक्रमण गर्नुपर्ने कुरो महसुस गरिएन । पेरिस कम्युनले सुरुमा लडाइँ नगर्ने र शान्तिसित काम लिने खुकुलो वा उदारताको नीति लियो । त्यसकारण, वर्गशत्रुमाथि जाइलाग्ने मार्क्सवादजस्तो क्रान्तिकारी सिद्धान्त बोकेको राजनैतिक पार्टीको नेतृत्वमा मात्रै क्रान्ति सफलतापूर्वक अगाडि लैजान सकिने प्रस्ट भयो ।

६) मजदुरवर्गले आफ्नो अधिकार माग्दा र शासन सत्ता हातमा लिँदा पुँजीपतिवर्ग बहुला कुकुरझैं झम्टन आउनेछ । तिनीहरूको त्यो पशु स्वभाव फेरिन्न । त्यसकारण, मजदुरवर्गले सत्ता हातमा लिनुभन्दा पहिले र लिइसकेपछि झन् सतर्क र होशियार हुनुपर्छ । कुनै प्रकारको ढिलाइ र नरमी देखाउनुहुन्न ।

कार्लमार्क्सले भन्नुभयो, "आफ्नो कम्युनसँगै मजदुरवर्गले पेरिसलाई सबै नयाँ समाजको गौरवपूर्ण अग्रदूतको रूपमा सम्झिनेछ । यसका सहिदहरू मजदुरवर्गको विशाल हृदयमा रहिरहनेछन् । यसलाई सत्यानाश गर्नेहरूलाई इतिहासले सधैंको निम्ति अपराधीलाई उभ्याउने कोठामा राखिसकेको छ । तिनीहरूका गुरु पुरोहितहरूको सबै प्रार्थनाबाट पनि तिनीहरूलाई मुक्त गर्न सक्नेछैनन् ।"

'कम्युन अमर होस् ।'

***समाप्त***

***स्रोत : विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू***



एक दिनअघि पाकिस्तानी हवाई हमलामा परेको अफगानिस्तानको राजधानी काबुलको दक्षिणी भेगमा अवस्थित ओमिद एडिक्सन उपचार अस्पतालको अवस्था मार्च १७, २०२६ का दिन । पाकिस्तानले सोमबार तेहरिक ए तालिबानविरुद्ध कारबाही भन्दै गरेको हवाई हमलामा परी कम्तीमा ४ सय अफगानी नागरिकको ज्यान गएको र अरु २५० जनाभन्दा बढी घाइते भएको बताइएको छ ।

*तस्बिर : सिन्हुवा/चाङ यिबिन*

# पाकिस्तान–अफगानिस्तान द्वन्द्वः अस्पताल नष्ट, हजारौँ नागरिक प्रभावित

काबुल, अफगानिस्तान, ३ चैत (एपी) । अफगान सरकारले सोमबार राति काबुल अस्पतालमा पाकिस्तानको हवाई आक्रमणमा कम्तीमा ४०० मानिस मारिएको दाबी गरेको छ । उक्त घटना पछिल्लो महिनाको अन्त्यमा सुरु भएको सीमा विवादलाई तीव्र बनाउने किसिमको छ, जसमा बारम्बार सीमा पारको भिडन्त र हवाई आक्रमण भएका छन् । अन्तर्राष्ट्रिय समुदायले शान्ति वार्ता र युद्धविरामको आह्वान गरे पनि त्यसको कुनै असर नभएको देखिएको छ ।

अफगान उपप्रवक्ता हम्दुल्लाह फिटरतका अनुसार, आक्रमण राति ९ बजे अस्पतालमा भएको थियो र दुई हजार बेड क्षमता भएको अस्पतालको ठूलो भाग ध्वस्त भएको छ । अहिलेसम्म कम्तीमा ४०० मानिस मारिएको छ भने २५० भन्दा बढी घाइते भएका छन् । स्थानीय सञ्चार माध्यमले सुरक्षा अधिकारीहरूले शव व्यवस्थापन गर्दै र दमकलले आगो निभाउँदै गरेको दृश्य देखाएका छन् ।

**पाकिस्तानको प्रतिक्रिया**

पाकिस्तानले अस्पतालमा कुनै आक्रमण नभएको दाबी गर्दै अफगानिस्तानको आरोपलाई अस्वीकार गरेको छ । प्रधानमन्त्री शहबाज शरीफका प्रवक्ता मोसर्रफ जैदीले यसलाई आधारहीन आरोपभएको बताउनुभयो । पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले हवाई आक्रमण केवल काबुल र नंगरहर प्रान्तका सैन्य संरचना र गोला बारूद भण्डारमा लक्षित भएको बताउनुभयो । उहाँले भन्नुभयो, “सबै आक्रमण त्यस्ता संरचनामा मात्र केन्द्रित गरिएको थियो जुन अफगान तालिबानले आफ्नो आतङ्ककारी समूहलाई समर्थन गर्न प्रयोग गर्दै आएको थियो ।”

**संयुक्त राष्ट्रको आह्वान**

सुरक्षा परिषदले अफगानिस्तानका तालिबान नेतृत्वलाई आतङ्कवाद नियन्त्रणका लागि तुरुन्त कदम चाल्न आह्वान गरेको छ । पाकिस्तानले अफगानिस्तानमाथि आफ्ना देशमा पाकिस्तानी तालिबान र अन्य समूहलाई शरण दिएको आरोप लगाएको छ, जुन अफगान सरकारले अस्वीकार गरेको छ ।

**हालको द्वन्द्व**

सबैभन्दा तीव्र भिडन्त फेब्रुअरीको अन्त्यमा सुरु भएको थियो, जब अफगानिस्तानले पाकिस्तानमा हवाई आक्रमणको जवाफमा सीमा पार आक्रमण गरेको थियो । यसले अक्टोबरमा कतारले मध्यस्थता गरेको युद्धविरामलाई भङ्ग गरेको थियो । पाकिस्तानले अफगानिस्तानसँग ‘खुल्ला युद्ध’ घोषणा गरेको छ ।

अफगान उपप्रधानमन्त्री अब्दुल सलाम हानफीले भन्नुभयो, “राष्ट्रिय स्वाभिमानको रक्षा सबै नागरिकको कर्तव्य हो ।” उहाँले नागरिक क्षतिप्रति दुःख व्यक्त गर्दै युद्ध आफैँमा अफगानिस्तानमाथि थोपिएको बताउनुभयो ।

# इरान–इजरायल द्वन्द्वः दुबईमा विस्फोट, उड्डयन सेवा प्रभावित

दुबई, ३ चैत (एपी) । मध्यपूर्वमा युद्ध तीव्र बन्दै गर्दा संयुक्त अरब इमिरेट्सले अस्थायी रूपमा विमान उडान रोकेको घोषणा गरेको छ । दुबईमा मङ्गलबार बिहान विस्फोट सुन्न सकिएका थिए, जब देशका सैनिकहरूले इरानबाट आउने मिसाइल र ड्रोनलाई निशाना बनाउने प्रयास गरे ।

इरानी आगोका दुई शृङ्खला चलाइएपछि इजरायल सेनाले तेहरानमा ‘व्यापक हवाई आक्रमण’ सुरु गरेको र लेबनानमा इरान समर्थित समूहलाई लक्षित गर्दै आक्रमण बढाएको जनाएको छ । यस क्रममा इजरायलले दुई रकेट इरानबाट टेल अविभ र गालिली समुद्र दक्षिण क्षेत्रमा आएको पनि रिपोर्ट गरेको छ, तर कुनै घाइतेको सूचना छैन ।

संयुक्त अरब इमिरेट्सले विमान उडान रोकेको अवस्था छिट्टै स्थिर भएको भन्दै उड्डयन पुनः सञ्चालन गरिएको छ । तर, दुबईमा ड्रोन आक्रमणका कारण इन्धन ट्याङ्कीमा आगो लागेको थियो । यस आक्रमणमा कुनै मानिस घाइते नभएको बताइएको छ ।

तेहरान र इजरायल-अमेरिकी आक्रमणको प्रभावले स्ट्रेट अफ होर्मुजमा ढुवानीमा ठूलो बाधा आएको छ । यसले तेलको मूल्य बढाएको र विश्वव्यापी ऊर्जा सङ्कटको जोखिम सिर्जना गरेको छ ।

तेलको मूल्य हाल प्रतिब्यारेल १०० डलरभन्दा माथि रहेको छ ।

इजरायलले तेहरानमा धेरै आक्रमण गरेको र इरानी हवाई रक्षा प्रणाली र मिसाइल लन्चर नष्ट गरेको सैनिक प्रवक्ताले बताएका छन् । यसैबिच, लेबनानमा यस द्वन्द्वका कारण १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् ।

इरानका अनुसार यस द्वन्द्वमा एक हजार ३०० भन्दा बढी नागरिकको मृत्यु भएको छ । अबुधाबीमा पनि इरानी मिसाइल आक्रमणमा एक व्यक्ति मृत्यु भएको रिपोर्ट छ, र दुई तेल सुविधामा आगो लागेको छ ।

यो घटनाले मध्यपूर्वमा युद्धको तीव्रता, क्षेत्रीय असुरक्षा र ऊर्जा आपूर्ति सङ्कट झन् बढाएको देखाएको छ ।

# मध्यपूर्व सङ्कट : नागरिक पूर्वाधार लक्ष्यमा

दोहा, कतार, ३ चैत (एएफपी) । कतारले मङ्गलबार आफ्नो राजधानी दोहामा मिसाइल आक्रमण रोकिएको घोषणा गरेको छ । कतारको रक्षा मन्त्रालयले आफ्नो सशस्त्र बलहरूले देशमा लक्षित मिसाइललाई सफलतापूर्वक अवरोध गरेको जनाएको छ । पत्रकारहरूले दोहामा विस्फोटजस्ता आवाजहरू सुनेको जानकारी दिएका छन् ।

संयुक्त अरब इमिरेट्सको सबैभन्दा बढी जनसङ्ख्या भएको सहर दुबईमा पनि तीन पटक विस्फोटजस्ता आवाजहरू सुनेको रिपोर्ट आएको छ । त्यहाँका नागरिकलाई सुरक्षा चेतावनी दिइएको थियो, जसले तत्काल सुरक्षित स्थानमा जाने निर्देशन दिएको थियो ।

यी घटनाहरू ईरानको बढ्दो प्रत्याक्रमण अभियानको हिस्सा हुन् । गत महिनादेखि ईरानले अमेरिका र इजरायलको हवाई हमलापछि बदलास्वरूप गल्फ देशहरूमा मिसाइल र ड्रोन हमला सुरु गरेको छ । यस क्रममा कतार र संयुक्त अरब इमिरेट्सलाई समेत निशाना बनाइएको छ ।

इरानी हमलाहरूले सैन्य लक्ष्य मात्र होइन, नागरिक पूर्वाधार, जस्तै विमानस्थल, तेल उत्पादन सुविधा, बन्दरगाह र प्रसिद्ध स्थलहरूलाई पनि निशाना बनाएको छ । दुबईको विमानस्थलमा यी हमलाका कारण केही समयका लागि उडानहरू स्थगित गर्नुपरेको छ ।

हालसम्म, अधिकांश मिसाइल र ड्रोनहरू हवाई रक्षा प्रणालीद्वारा रोकिएका छन्, तर केही अवशेषका कारण मानव र सम्पत्ति क्षति पनि भएको छ । यसले तेल आपूर्ति र यातायातमा ठूलो व्यवधान ल्याएको छ ।

ईरानका प्रमुख कूटनीतिज्ञले संयुक्त अरब इमिरेट्सबाट मिसाइलमार्फत ईरानको खार्ग द्वीपमा हमला भएको दाबी गरेका छन्, तर संयुक्त अरब इमिरेट्स सरकारले यसलाई अस्वीकार गरेको छ ।

यी घटनाहरूले मध्यपूर्वमा सुरक्षा जोखिम अत्यन्त उच्च रहेको देखाउँछन् र क्षेत्रीय तनाव दिनानुदिन बढ्दै गएको छ ।

## सङ्क्षिप्त समाचार

### इरानी प्रत्याक्रमणमा करिब २०० अमेरिकी सैनिक घाइते भएको अमेरिकी स्वीकारोक्ति

वासिङ्टन, ३ चैत (सिन्हुवा) । युक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि व्यापक आक्रमण सुरु गरेयता करिब २०० अमेरिकी सैनिक घाइते भएका छन् । अमेरिकी सेनाको मध्य कमाण्डका प्रवक्ता टिम हकिंसले सोमबार यसबारे जानकारी दिएका हुन् ।

हकिंसका अनुसार घाइते सैनिकहरू बहरीन, इराक, इजरायल, जोर्डन, कुवेत, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा घटनामा परेका हुन् । तीमध्ये १० जना सैनिक गम्भीर घाइते भएका छन् भने बाँकी १८० भन्दा बढी उपचारपछि फिर्ता जिम्मेवारीमा फर्किएका छन् ।

साथै पश्चिमी इराकमा अमेरिकी के-सी-१३५ इन्धन आपूर्ति विमान दुर्घटना भएको थियो । यस दुर्घटनापछि अमेरिकी सेनामा मृत्यु हुने सङ्ख्या १३ पुगेको छ । यो घटनाले अमेरिकी-इरानी युद्धका कारण क्षेत्रीय तनाव र मानवीय चुनौतीहरू अझ बढेको देखाएको छ ।

### नाइजेरियामा भएको आक्रमणमा २३ जनाको मृत्यु, सयभन्दा बढी घाइते

नाइजेरिया, ३ चैत (एएफपी) । उत्तरपूर्वी नाइजेरियामा भएको आत्मघाती आक्रमणमा कम्तिमा २३ जनाको मृत्यु हुनुका साथै एक सयभन्दा बढी घाइते भएको प्रहरीले मङ्गलबार जनाएको छ ।

यसअघि सैन्य केन्द्रमा भएको आक्रमण र डिसेम्बरमा मस्जिदमा भएको बम विष्फोट र आक्रमणहरूले सहर अशान्त बनेको छ भने नाइजेरियाको लामो समयदेखि चलिरहेको विद्रोह ग्रामीण भित्री इलाकामा धकेलिएपछि समस्या झनै बढेको छ । बोको हराम र प्रतिद्वन्द्वी जिहादी समूह इस्लामिक स्टेटले वेस्ट अफ्रिका प्रोभिन्स (आइएसडब्ल्युएपी) का लडाकुहरूले हालै उत्तरपूर्वी नाइजेरियामा आक्रमण बढाएको जनाइएको छ ।

उनीहरूको १६ वर्ष देखिको यो अभियानले ४० हजार भन्दा बढी मानिसहरूको ज्यान लिएको छ भने करिब २० लाख विस्थापित भएका छन् ।

प्रहरी प्रवक्ता नाहुम केनेथ दासोले प्रारम्भिक अनुसन्धानले घटना संदिग्धहरूले गरेको खुलासा गरेको उल्लेख गर्नुभएको भने विज्ञप्ति जारी गर्दै प्रहरीले घटनाको पुष्टि गरेको छ । एक जिहादी विरोधी सदस्यलाई उद्धृत गर्दै एएफपीले विस्फोटबाट मृत्यु हुनेहरूको सङ्ख्या ३१ पुगेको हुन सक्ने बताएको छ ।

आक्रमणकारीहरूले सहरको मुख्य बजार, मैदुगुरी विश्वविद्यालय शिक्षण अस्पतालको गेट र हुलाक कार्यालय फ्लाइओभर वरपरको क्षेत्रमा आक्रमण गरेको जनाइएको छ । मङ्गलबारको बयानमा प्रहरीले प्रभावित क्षेत्रहरूको सामान्य अवस्था पुनःस्थापित गरी सकेको र सुरक्षा बलले मैदुगुरी र यसको वरपरको क्षेत्रमा थप घटना हुन नदिन निगरानी बढाएको बताएको छ ।

### श्रीलङ्कामा इन्धन सङ्कट, सरकारी कार्यालय बुधबार बन्द रहने

कोलम्बो, ३ चैत (सिन्हुवा) । श्रीलङ्काले देशमा देखिएको इन्धन अभाव व्यवस्थापन गर्न सरकारी क्षेत्रका कर्मचारीहरूको काम गर्ने समय तालिकामा परिवर्तन गर्ने निर्णय गरेको छ ।

मङ्गलबार जारी गरिएको सूचनाअनुसार मार्च १८ देखि सरकारी कर्मचारीहरूका लागि हरेक बुधबार साप्ताहिक बिदा दिने व्यवस्था लागू गरिने भएको छ । आवश्यक सेवाका आयुक्त प्रभात चन्द्रकीर्तीले सार्वजनिक गरेको जानकारी अनुसार सबै सरकारी विद्यालय, विश्वविद्यालय तथा अदालतहरू पनि बुधबार बन्द रहनेछन् । तर स्वास्थ्य सेवा, बन्दरगाह, खानेपानी आपूर्ति र भन्सारजस्ता अत्यावश्यक सेवामा भने यो निर्णय लागू हुने छैन ।

सरकारी निकायका प्रमुखहरूले कामको आवश्यकताका आधारमा बाँकी चार कार्यदिनभित्र कर्मचारीलाई काममा बोलाउन सक्ने अधिकार राख्ने पनि बताइएको छ । यससँगै इन्धन सङ्कटलाई ध्यानमा राख्दै सरकारले अर्को सूचना नभएसम्म सबै सरकारी कार्यक्रमहरू स्थगित गरेको छ । साथै निजी क्षेत्रका संस्थाहरूलाई पनि सम्भव भएसम्म यस्तै व्यवस्था अपनाउन सरकारको अनुरोध रहेको छ ।

### अफगानिस्तान र पाकिस्तानलाई संयमता अपनाउन चीनको आह्वान

पेइचिङ, ३ चैत (सिन्हुवा) । चीनले अफगानिस्तान र पाकिस्तानलाई शान्त रहन संयमता अपनाउन, र जति सक्दो छिटो वार्ता को माध्यमबाट युद्धविराम गर्ने चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले मङ्गलबार आह्वान गर्नुभएको छ ।

हालैको अफगानिस्तान-पाकिस्तान द्वन्द्वका बारेमा पत्रकारहरूसँगको साक्षात्कारको क्रममा उहाँले यस्तो बताउनु भएको हो ।

अफगानिस्तान र पाकिस्तान छिमेकीहरू एक अर्काबाट टाढा रहन नसकिने उल्लेख गर्दै लिनले उनीहरूका समस्या समाधानका लागि संवाद र परामर्श एक मात्र प्रभावकारी उपाय भएको बताउनुभएको छ ।

चीनले अफगानिस्तान र पाकिस्तानलाई चिनियाँ कर्मचारी, परियोजना र संस्थाहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको समेत लिनले पुष्टि गर्नुभयो । चीनले तनाव कम गर्न र अफगानिस्तान र पाकिस्तानबिचको सम्बन्ध सुधार गर्न रचनात्मक भूमिका खेल्ने पनि उहाँले बताउनुभएको छ ।

# "मोदी सरकारको हुतिहारा ताल देखेर लाज लाग्छ"

● अरुन्धती रोय

म मेरी आमाकी छोरी हुँ, मैले हिम्मतसाथ पाखुरा सुर्क्याउनैपर्छ । त्यसैले मलाई केही भन्नु छ । विश्वभरि चर्चामा रहेको (इरान) युद्धबारे केही कुरा भन्छु ।

मलाई थाहा छ, आज हामी (मेरो पुस्तक) 'आमा मेरीको झल्को आउँछ' बारे कुराकानी गर्न भेला भएका हौँ । तर, तेहरान, इसफाहान र बेरुतजस्ता सुन्दर सहरहरू आगोको लप्कामा परिरहँदा त्यसबारे कुरा नगरी कार्यक्रम टुङ्ग्याउन कसरी सकिएला ? मेरी आमाको रुखो र खरो स्वभाव पछ्याउँदै म यो मञ्चमा इरानविरुद्ध अमेरिका र इजरायलले गरेको अकारण र अवैध आक्रमणबारे बोल्न चाहन्छु । यो युद्ध गाजामा अमेरिका र इजरायलले चलाएको जातिसंहारकै निरन्तरता हो । ती जातिसंहारकहरूले पुरानै शैली अपनाउँदै छन् । महिला र बालबालिकाको हत्या गर्दै छन् । अस्पतालहरूमा बमबारी गर्दै छन् । सहरमा गलैँचासरि बमबारी गर्दै छन् । अनि, उही शैलीमा आफूलाई पीडित देखाउँदै छन् ।

तर, इरान गाजा होइन । यो नयाँ युद्ध विश्वभरि फैलिन सक्छ । हामी आणविक प्रलय र आर्थिक टाट पल्टाइको डिलमा छौँ । हिरोशिमा र नागासाकीमा बम खसाल्ने देश (अमेरिका) ले विश्वकै प्राचीनतम सभ्यतामध्ये एक (इरान) मा बम खसाल्ने तयारी गरिरहेको हुनसक्छ । यसबारे विस्तारमा पछि चर्चा गरुँला । यहाँ म प्रस्ट भाषामा यत्ति भन्छु – म इरानको पक्षमा छु । अमेरिका, इजरायल वा हाम्रैमा पनि कहीँकतै सत्ता परिवर्तन गर्न जरुरी छ भने त्यो जनताले गर्नुपर्छ । कुनै मैमत्त, झूटो, धोकेबाज, लोभी, स्रोतसाधन खोसुवा, बमबारी गर्ने साम्राज्यवादी शक्ति र त्यसका आसेपासेहरूले गर्नुहुँदैन । आज यिनीहरूले सारा संसारलाई तखतमा राख्न जोकोहीलाई तर्साउन खोज्दै छन् ।

इरान अहिले तिनीहरूविरुद्ध उभिएको छ । जब कि भारत डरले निहुरिँदै छ । हाम्रो सरकारको हुतिहारा ताल देखेर लाज लाग्छ मलाई । उहिले हामी एकदम गरिब जनता भएको एक गरिब देश थियौँ । तर, हामीमा स्वाभिमान थियो । हाम्रो गरिमा थियो । आज हामी धेरै गरिब जनता भएको एक धनी देश बनेका छौँ । *(हाम्रा बेरोजगार जनतालाई वास्तविक खानाको सट्टा घृणा, विष र झूटा कुरा खुवाइन्छ ।)* हामीले स्वाभिमान गुमाएका छौँ । हामीले गरिमा गुमाएका छौँ । हामीले साहस गुमाएका छौँ । हाम्रो साहस केवल हाम्रा चलचित्रहरूमा देखिन्छ ।

कस्ता देशका जनता हौँ हामी ? जसको निर्वाचित सरकार कुनै अर्को देशको राज्यप्रमुखको अपहरण र हत्या गर्ने अमेरिकाविरुद्ध उभिन सक्दैन; उसको निन्दा गर्न सक्दैन । त्यही घटना हामीसँग भए के हामीलाई चित्त बुझ्ला ? बेन्जामिन नेतन्याहुले इरानमाथि आक्रमण गर्नुभन्दा केही दिनअघि हाम्रा प्रधानमन्त्रीले इजरायल गएर नेतन्याहुलाई अँगालो हालेका थिए । यसको अर्थ के ? भारत सरकारले हालै अमेरिकासामु घुँडा टेक्ने गरी व्यापार सम्झौतामा हस्ताक्षर गर्‍यो । अमेरिकी सर्वोच्च अदालतले ट्रम्पले लगाइरहेको भन्सार करलाई अवैध घोषणा गर्नुभन्दा केही दिनअघि हाम्रा किसानलाई बेच्ने र कपडा उद्योगलाई माटोमा मिसाउने गरी




हाम्रो सरकारले सम्झौता गर्‍यो । यसको अर्थ के ? अब रुसबाट तेल किन्न हामीले 'अनुमति' लिनुपर्ने भयो । यसको अर्थ के ? अब के-के कुरामा हामीले अनुमति लिनुपर्ने हो ? शौचालय पस्न पनि अनुमति लिनुपर्ने हो ? एक दिन बिदा लिन पनि अनुमति लिनुपर्ने हो ? आफ्नी आमालाई भेट्न पनि अनुमति लिनुपर्ने हो ?

दिनकै डोनाल्ड ट्रम्पजस्ता अमेरिकी राजनीतिज्ञहरूले हामीलाई खुलेआम खिसिट्युरी गर्छन्; हाम्रो अपमान गर्छन् । अनि हाम्रा प्रधानमन्त्री (मोदी) आफ्नो चर्चित खोक्रो हाँसो हाँस्छन् । देशलाई अपमान गर्नेसँग अङ्कमाल गर्छन् । गाजामा जातिसंहार चरमचुलीमा थियो । भारत सरकारले हजारौँ भारतीय मजदुरलाई कामबाट निकालिएका प्यालेस्टिनी मजदुरको ठाउँ लिन इजरायल पठायो । आज इजरायलीहरूले बङ्करमा लुकेर ज्यान जोगाइरहेका छन् । यति नै बेला भारतीय मजदुरहरूलाई ती बङ्करमा लुक्न नदिइएको खबर छ । अखिर यसको अर्थ के ? कसले हामीलाई यति अपमानजनक, लज्जास्पद, घिनलाग्दो भासमा गाडेको छ ?

तपाईँहरूमध्ये कतिपयलाई सम्झना होला, कुनै बेला हामी चिनियाँहरूले 'साम्राज्यवादको कुकुर' भन्दा हामी गलल्ल हाँस्थ्यौँ; त्यसलाई फोस्रो 'कम्युनिस्ट' फलाको भन्थ्यौँ । आज आएर त्यो भनाइ साकार भएको छ । हाम्रा जञ्जाली र विषालु चलचित्रहरूमा 'हिरोहरू' ले फूर्तिफार्ती गर्छन्, एकपछि अर्को मनगढन्ते, निरस र धुँवादार युद्ध जित्छन् । तिनले अर्थ न बर्थको हिंसा र बुद्धि बिगार्ने फोहरले हाम्रो उन्माद बढाउँछ । आज हामी 'साम्राज्यवादको कुकुर' छैनौँ भने तिनै चलचित्रमा छैनौँ ।

*(गत वर्ष प्रकाशित भएको आफ्नो पुस्तक 'आमा मेरीको झल्को आउँछ' ( Mother Mary Comes To Me) नामक आत्मसंस्मरणको परिचर्चा कार्यक्रमको अन्त्यमा लेखिका अरून्धती रोयले राखेको विचार हो यो । यो कार्यक्रम मार्च ९ गते दिल्लीमा भएको थियो ।*

*कार्यक्रममा रोयले इरान युद्धबारे मात्र नभई 'कृत्रिम बौद्धिकता', भारतीय विश्वविद्यालयहरूको हिन्दूकरण र फासीवादबारे पनि बोलेकी थिइन् । पाँच जना गोरा पुरुषले विश्वको प्राकृतिक स्रोतसाधन रित्याइरहेको सन्दर्भमा 'कृत्रिम बौद्धिकता' ले मानव जातिको 'वास्तविक बौद्धिकता' लाई बिस्तारै मारिरहेको उनले टिप्पणी गरिन् । कुनै बेला विश्वभरि शिक्षामा नाम कमाएको भारतीय शिक्षा पद्धति शिक्षाको हिन्दूकरणले खस्किँदै गएकोमा उनले चिन्ता व्यक्त गरिन् । उनले भनिन्, "पहिले हामी फासीवादी सरकारविरुद्ध लडिरहेका थियौँ । अहिले हामी फासीवादी समाजसँग लड्दै छौँ ।")*

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***

# सफलताका कथा : जीवनको तस्बिर बदलेका उद्यमी भीमबहादुर

✍ चन्द्रकला भण्डारी

झापा, ३ चैत । कुनै समय झापाको मेचीनगर-२ भृकुटीका ३२ वर्षीय भीमबहादुर भट्टराईको ओत लाग्ने छानो चुहिन्थ्यो । बिहान के खाउँ, बेलुका के खाउँ भन्ने गर्जो टार्नै उहाँलाई धौधौ थियो । अभावको तुवाँलोले घेरिएको त्यो सङ्घर्षकालमा उहाँले कति रात भोकै त कति रात अरूको मजदुरी गरेर बिताउनुपर्‍यो । तर, आज उही पौरखी भीमबहादुरको जीवनको तस्बिर बदलिएको छ । हिजो अर्काको मजदुरी गर्ने भीमबहादुर आज सफल उद्यमीका रूपमा स्थापित हुनुभएको छ ।

सानैदेखिको गरिखाने यही सोचले आज उहाँलाई वार्षिक करोडको कारोबार गर्ने उद्यमी बनाएको हो । भृकुटीको सरस्वती टोलमा उहाँको गणेश नर्सरी उद्योग सञ्चालनमा छ । जहाँ पाँच सयभन्दा बढी प्रजातिका बिरुवा उत्पादन हुन्छन् । झापादेखि चितवनसम्मको बजारमा यही नर्सरीका बिरुवा बिक्री हुने गरेको छ ।

विसं २०७३ मा आफ्नो खल्तीमा भएको मात्र रु. दुई हजार ७०० को सानो पुँजीबाट नर्सरी व्यवसायको श्रीगणेश गरेको भीमबहादुरले बताउनुभयो । सीमित स्रोत र साधनका बाबजुद उहाँको दृढसङ्कल्पले आकार लिँदै गयो । अहिले नर्सरी व्यवसायबाटै उहाँले वार्षिक करोडभन्दा बढीको आर्थिक कारोबार गर्नुहुन्छ । उद्यम गरेरै उहाँले सुविधाजनक घर र घडेरी जोड्नुभएको छ ।

उहाँ भन्नुहुन्छ, "आफ्नै पौरखमा बाँच्नुपर्छ भन्ने सानैदेखिको मेरो भावना थियो । सानो छँदा कुखुरा व्यापार गरेर घरखर्च चलाउन सघाउँथे । अहिले नर्सरी उद्योग र सुपारी प्रशोधन उद्योग चलाउँदैछु । पहिले अरूकामा मजदुरी पनि गर्थें, अहिले अरुले मेरो उद्योगमा रोजगारी पाइरहनुभएको छ ।"

झापा सुपारीखेतीको उर्वर भूमि भएकाले उहाँले सुपारीका बिरुवा उत्पादनलाई विशेष प्राथमिकता दिएको बताउनुभयो । झापाको गौरादह र चितवनको रत्ननगरमा नर्सरीका शाखा फैलिएका छन् । उहाँले सुपारी प्रशोधन उद्योग सञ्चालन गर्दै आउनुभएको छ । गाउँमा घरैपिच्छे सुपारी फलेका छन् । आफूले किसानबाट खरिद गरेको सुपारी उद्योगमा प्रशोधन गरेर बिक्री गर्दै आएको बताउनुभयो । सुपारी उद्योगमा समेत स्थानीयले मनग्य रोजगारी पाएका छन् ।

भीमबहादुरको सफलताको जग मेहनतको जगमा उभिएको छ । पारिवारिक आर्थिक अवस्था कमजोर भएकै कारण सानै उमेरमा काँधमा जिम्मेवारी बोक्नुपर्‍यो । कहिले अरूको खेतमा पसिना बगाउने त कहिले गाउँका कुखुरा, गाई र बाख्रा डोहोर्‍याउँदै बजार पुर्‍याएर बेच्ने उहाँको दैनिकी थियो । स्थानीय हटियामा गाई-बाख्राको व्यापार गर्दागर्दै उहाँले व्यापारको कखरा सिक्नुभयो ।

त्यतिमात्र होइन, उहाँले नवयुवा उमेरमा विवेचना दैनिक पत्रिका वितरण गर्ने 'हकर' को कामसमेत गर्नुभयो । कक्षा १० सम्मको अध्ययन पूरा गरेपछि उहाँ पूर्ण रूपमा स्वरोजगारको खोजीमा लाग्नुभयो । शिवशक्ति ग्रुप अफ कम्पनीमा काम गर्दा उहाँले कृषि क्षेत्रको व्यावसायिक ज्ञान र विज्ञता हासिल गर्नुभयो, जसले उहाँको जीवनलाई नयाँ मोड दियो ।

"इमान्दारी, मेहनत र लगनशीलताका साथ काम गर्‍यो भने सफलता टाढा हुँदोरहेनछ", उहाँको सफलतालाई नजिकबाट नियालिरहनुभएका नेपाल जेसिजका राष्ट्रिय उपाध्यक्ष देबु बानियाँ भन्नुहुन्छ, "आफ्नो अनुभव र सीपलाई सही ठाउँमा प्रयोग गर्न सके गाउँमै सुन फलाउन सकिँदोरहेछ । विदेश जानु पर्दोरहेनछ भन्ने उहाँले प्रमाणित गरिदिनुभयो ।"

भीमबहादुरको यो व्यावसायिक फड्कोमा उहाँकी धर्मपत्नी तुलसी भट्टराईको बलियो साथ छ । "मैले कहिले पनि उहाँलाई विदेश गएर धन कमाउनुहोस् भनिनँ", भीमबहादुरकी पत्नी तुलसी भन्नुहुन्छ, "उहाँमा अल्छी भावना कहिल्यै पाइनँ । कामलाई ठुलो र सानो भनेर छुट्याउनुहुन्न । उहाँलाई देखेर गाउँका युवाहरू व्यवसायमा लाग्न थालेका छन् ।"

भीमबहादुरले आफ्नो नर्सरी र सुपारी प्रशोधन उद्योगमा २० जनाभन्दा बढी स्थानीयलाई रोजगारी दिनुभएको छ । व्यवसायसँगै भीमबहादुर सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । भानु माध्यमिक विद्यालयमा रु. ५० हजारको अक्षयकोष स्थापना गर्नुभएको छ भने गाउँमा गणेश मन्दिर निर्माणका लागि जग्गा र आर्थिक सहयोग जुटाउनुभएको छ । भृकुटी गाउँमा सुविधासम्पन्न पाटी प्यालेस निर्माणको अन्तिम तयारीमा जुट्नुभएको छ ।

रोजगारीको खोजीमा खाडी मुलुक पस्ने युवाहरूको लहरका बिच भीमबहादुर स्वदेशमै पसिना बगाएर सफल बनेको उदाहरण हुनुहुन्छ । मेहनत, धैर्य र निरन्तर प्रयासले कसरी एउटा सामान्य मजदुरलाई सफल उद्यमी बनाउन सक्छ भन्ने कुराको जीवन्त पात्र हुनुहुन्छ- भीमबहादुर । ***रासस***

# दण्डहीनताको अन्त्य जरुरी

केही सामन्ती अवशेषलाई छोडेर वर्तमान विश्व मूलतः दुई ध्रुवमा विभाजित छ । वैचारिक दृष्टिले शोषक - पीडकवर्गको पृष्ठपोषण गर्ने पुँजीवादले बाज, गिद्ध एवं चीलको भूमिका खेलेको देखिन्छ भने शोषित पीडित श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने समाजवादले कोइली, परेवा तथा सुगाको दायित्व निर्वाहमा पाइला चालेको पाइन्छ । पुँजीवादको चरमोत्कर्ष रूप साम्राज्यवादको नाइके संयुक्त राज्य अमेरिका (उत्तरी अमेरिका) बनेको छ भने चीन, क्युवा, उत्तर कोरिया, भेनेजुयलाजस्ता देशहरू आ -आफ्नो स्वतन्त्रता, स्वाभिमान तथा अस्तित्व रक्षा र मानवीय राष्ट्र प्रेमको भावना बोकी कामदार वर्गीय उत्थान हितमा संलग्न रहेको देखिन्छ ।

जहानियाँ राणा शासनको अवसानपछि भित्रिएको बहुदलीय व्यवस्था, निर्दलीय पञ्चायत, पुनर्स्थापित बहुदल, संवैधानिक राजतन्त्र, लोकतान्त्रिक गणतान्त्रिक पद्धतिभित्र फरक -फरक नीति, कानुनी बन्दोबस्त, अनेक घोटाला काण्ड, राजनीतिक भागबन्डा, भ्रष्टाचार, महँगी, संसद् खरिद बिक्रीको खेलसमेत बढ्न गई विकासका पूर्वाधारहरू निजीकरणतर्फ धकेली विस्तारवादी भारतीय एकाधिकार पुँजीको चपेटामा परी नेपाल विदेशी ऋणमा चुर्लुम्म डुबेको छ । बेरोजगारी समस्याले गर्दा युवा युवतीको शक्ति विदेशमै पलायन हुन पुगेको छ । गरिबीको खाडल झन् गहिरो भएको यथार्थ परिदृश्य हाम्रा नजरमा परेकै छ । मानवाधिकार एवम् प्रजातन्त्रका नाउँमा राज्य सत्ता तथा भत्ता र दलगत बलको आडभरोसामा स्वार्थसिद्धिको लहर फैलिई सर्वसाधारण जनताले थिचिनु -पिल्सिनुपर्ने घटनाक्रम हावी भएकै छ । निर्मला पन्त लगायतका नेपाली चेलीका परिवारले न्याय नपाएको भयानक अवस्था मुलुकमा विद्यमान छ । जघन्य अपराधीहरूलाई मृत्युदण्डसम्मको सजाय दिँदा उपर्युक्त हुनेमा तद्नुकूलको कानुनी व्यवस्था नहुँदा अपराधीहरूले मनोबल उच्च राखी चलखेल गर्ने अवसर पाएका छन् । यो पुँजीवादी गणतन्त्रमा उपहार स्वरूप देखिएको विडम्बना हो ।

यतिखेर कर्णाली प्रदेशको सुर्खेत वीरेन्द्रनगर का १६ वर्षीया नाबालिका विद्यार्थी इनिशा हत्या काण्ड प्रकरणले तातिएको छ । उनलाई प्रेमका नाउँमा वा अन्य कारण प्रलोभन जनाई जबरजस्ती करणी र कुटपिट गरी समाप्त पार्ने जघन्य अपराधीहरूले प्रचलित कानुनी सजाय भोग्नुपर्ने विषय अहिले चर्चा परिचर्चामा रहेको पृष्ठभूमिमा गम्भीर प्रकृतिको सो घटनाको वस्तुनिष्ठ अनुसन्धान छानबिन भई दोषी कसुरदार उम्किन नपाउने पक्षमा सम्बन्धित निकायले प्रक्रिया अघि बढाउनु, सजाय दिलाउनु र दण्डहीनता अन्त्य गराउनु जरुरी छ ।

*- टीकाप्रसाद पोखरेल, सुर्खेत*

# मध्यपूर्वमा द्वन्द्व चर्किंदै, लाखौँ मानिस विस्थापित

संयुक्त राष्ट्रसङ्घ, ३ चैत ( सिन्ह्वा) । मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्वका कारण नागरिक र पूर्वाधारमाथि गम्भीर असर परिरहेको भन्दै संयुक्त राष्ट्रसङ्घले मानवीय सङ्कट झन् गहिरिँदै गएको चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालयले इरान र लेबनानमा स्वास्थ्य सेवा पूर्वाधारमा ठूलो क्षति पुगेको जनाएको छ । इरानी रेड क्रिसेन्ट सोसाइटीका अनुसार इरानमा २३० भन्दा बढी स्वास्थ्य संस्था र ३० भन्दा बढी एम्बुलेन्स तथा स्वास्थ्य सेवा सवारी साधन क्षतिग्रस्त वा नष्ट भएका छन् । साथै केही स्वास्थ्यकर्मीको मृत्यु र घाइते भएको पनि जनाइएको छ ।

यसैबिच, लेबनानमा दुई साताको अवधिमा स्वास्थ्य सेवामाथि २८ वटा आक्रमण भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । ती घटनामा कम्तीमा ३० जनाको मृत्यु र ३५ जना घाइते भएका छन् ।

संयुक्त राष्ट्रसङ्घका विभिन्न निकायहरूले प्रभावित नागरिकलाई सहायता उपलब्ध गराइरहेका छन् । विश्व खाद्य कार्यक्रम, शरणार्थीसम्बन्धी एजेन्सी र बाल कोषलगायत संस्थाले ८ लाखभन्दा बढी तातो खाना वितरण गरेका छन् । साथै कम्बल, म्याट्रेस, सुत्ने म्याट र अन्य आश्रय सामग्री पनि वितरण गरिएको छ ।

लेबनानको दक्षिणी क्षेत्रमा ठूलो सङ्ख्यामा मानिस विस्थापित भइरहेका छन् । सरकारी तथ्याङ्कअनुसार ८ लाख ३० हजारभन्दा बढी मानिस विस्थापित भएका छन्, जसमा करिब २ लाख ९० हजार बालबालिका छन् ।

गाजामा पनि मानवीय अवस्था अत्यन्तै गम्भीर रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । धुलोको आँधीका कारण सयौँ आश्रयस्थलमा क्षति पुगेको छ भने हजारौँ मानिस खुला आकाशमुनि बस्न बाध्य छन् ।

खाद्य आपूर्ति अवरुद्ध हुँदा गाजामा धेरै परिवारले खाना पकाउन फोहोर जलाउन बाध्य भएको विश्व खाद्य कार्यक्रमले चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसङ्घले गाजामा नियमित रूपमा खाना पकाउने ग्यास र अन्य आवश्यक सामग्री प्रवेश गर्न दिन अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरेको छ ।

# बलात्कारी र हत्यारालाई कारबाही गर्न सुर्खेतमा नेक्राविसङ्घको प्रदर्शन



सुर्खेत, ३ चैत । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समिति सुर्खेतको आयोजनामा 'बलात्कार र हत्याजस्ता जघन्य अपराध गर्ने अपराधीलाई फाँसी दिनुपर्ने र पीडितले समयमै न्याय पाउनुपर्ने' मागसहित र्‍याली, चोक सभा र ज्ञापनपत्र बुझाउने कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति सुर्खेतका उपाध्यक्ष जानकी सुनारले अब बन्ने शक्तिशाली सरकारले बलात्कार र हत्याजस्तो जघन्य अपराधमा संलग्नलाई फाँसी दिने कानुन बनाउनुपर्ने माग गर्नुभयो ।

नेक्रामसङ्घ जिल्ला समिति सुर्खेतका सचिव कल्पना शाहले "निर्दोष नफसोस्, दोषी नउम्कियोस्" भन्ने कुरालाई ध्यानमा राखी राजनीतिक दबाब र बाहिरी प्रभावमा नपरी अनुसन्धान हुनुपर्ने माग राख्दै दोषीलाई छोड्न नहुने बताउनुभयो ।

नेक्रायुसङ्घ सुर्खेतका सदस्य छत्रीका वि.क.ले उक्त आपराधिक घटनाप्रति दुःख व्यक्त गर्दै बलात्कार र हत्याजस्तो जघन्य अपराधको विरोध एवम् भर्त्सना गर्दै सचेत नागरिकले पीडितको पक्षमा आवाज उठाउनुपर्ने कुरा राख्नुभयो ।

नेक्राविसङ्घ सुर्खेतका सदस्य रमा गिरीले महिलाहरू यस्ता घटनाबाट बच्न चनाखो बन्नुपर्ने र सचेत नागरिक र सभ्य समाज हामी आफैले बनाउनुपर्ने कुरा राख्नुभयो ।

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सुर्खेतमा नेक्राविसङ्घ जिल्ला समिति सुर्खेतका अध्यक्ष महेन्द्र सिजापति र सचिव शर्मिला वि.क.ले इमानदारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्न र कसैको दबाबमा नबस्न आग्रह गर्दै सम्बन्धित निकाय प्रमुखलाई ज्ञापनपत्र बुझाउनुभएको थियो ।

वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ४ स्थित सहिद पार्क नजिकै जनजागरण सामुदायिक वनमा फागुन २३ गते शनिबार इनिशा वि.क.को बलात्कारपछि हत्या भएको घटना सार्वजनिक भएको थियो ।


## हार्दिक समवेदना



जन्म
२०४०/०६/१३

निधन
२०८२/११/२३

हाम्रा परम मित्र **शक्ति प्रसाद सुवाल**को अल्पायुमै असामयिक स्वर्गारोहण भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

| | | |
|---|---|---|
| बिकेन राईठोर | नरेन्द्र श्रेष्ठ | बलराम मुस्याख्व |
| कमाल कर्माचार्य | निरज सैंजु | विकास शाही |
| सुशील भद्रा | विकास चवाल | रबिन्द्र लाछिमस्यु |
| धर्मकेश शाक्य | मणि शाक्य | बिजेश श्रेष्ठ |
| पुरुषोत्तम कुटुव | सुमन नायजु | |

## हार्दिक समवेदना



यस विद्यालयका शिक्षिका शोभा कवाँका पूजनीय पिता **राम कवाँ**को असामयिक निधन भएको आज ६ महिना (खुला)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जन्म** : २०१५।०३।१५
**निधन** : २०८२।०६।०४

**विद्यालय व्यवस्थापन समिति परिवार**
**तथा**
**श्री नवीन आधारभूत विद्यालय परिवार**
गोल्मढी-७, भक्तपुर

## हार्दिक समवेदना



यस बालाखु गणेश सांस्कृतिक समूहका सदस्य **शेरबहादुर घटुवा**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जन्म** : २०१९।११।१५
**निधन** : २०८२।११।२३

**बालाखु गणेश सांस्कृतिक समूह**
ब्यासी, भक्तपुर-२

## हार्दिक समवेदना



यस ब्यासी पासा पुचःका सदस्य बुद्धराम कोजुका पूजनीय पिता **गोपाल जी कोजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म** : १९८५।०९।०३
**निधन** : २०८२।१२।०१

**ब्यासी पासा पुचः २०८०**
ब्यासी-२, भक्तपुर


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप अस्पताल

KHWOPA HOSPITAL

च्याम्हासिंह-९, भक्तपुर

## आवश्यकतासम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२ चैत ४ गते)**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि निम्नलिखित पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव आदि प्रमाणपत्रहरूको प्रतिलिपिहरू र हालसालै खिचेको पासपोर्ट साइजको तीनप्रति फोटोसहित अस्पतालबाट प्राप्त आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अस्पताल प्रशासनमा दर्खास्त पेस गर्न यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी आएको आवेदनउपर कुनै कारबाही हुनेछैन । यसअघि दर्खास्त दिने आवेदकहरूले समेत यस सूचनाअनुसार पुनः दर्खास्त पेस गर्न जानकारी गराइन्छ ।

| विज्ञापन नं. | पद | स्तर/तह | आवश्यक सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | उमेर |
|---|---|---|---|---|---|---|---|
| ०९/०८२/८३ | इन्टरनल मेडिसिन | अधिकृत स्तर, नवौँ तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १०००।- | अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १०/०८२/८३ | एनेस्थेसियोलोजिस्ट | अधिकृत स्तर, नवौँ तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजिस्टमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १०००।- | अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| ११/०८२/८३ | अर्थोडेन्टिस्ट | अधिकृत स्तर, नवौँ तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोडेन्टिस्टमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १०००।- | अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |

**पुनश्चः**

**दर्खास्त फारम दस्तुर** : रू.१००।- तिरी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
**फारम लिने समय** : बिदाको दिनबाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म ।
**फारम बुझाउने समय** : बिदाको दिनबाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म ।

विस्तृत जानकारीको लागि

**ख्वप अस्पताल, प्रशासन शाखा**

Email address: khwopahospital78@gmail.com
फोन: ०१-६६१०३१७, ६६२०३७४


## डढेलोबाट जोगिऔं र जोगाऔं।

- ❖ सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- ❖ डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

डढेलोबाट जोगिन

- ❖ जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- ❖ सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- ❖ चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- ❖ डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- ❖ डढेलो देखिएमा तत्कालसम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा